मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ६२ ★ ने. सं. ११४६ चौला थ्व, अष्टमी ★ बिहीबार ★ १२ चैत, २०८२ ★ March 26, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८




दक्षिण कोरियाको राजधानी सिउलस्थित राष्ट्रपतीय भवनअगाडि इरानमाथिको अमेरिकी–इजरायली आक्रमणको विरोधमा र त्यस युद्धमा दक्षिण कोरियाली सेनाको परिचालनको विरोधमा प्रदर्शन गर्दै कोरियाली मजदुर महासङ्घका सदस्यहरू मार्च २५, २०२६ का दिन । प्रदर्शनकारीहरूले समाएका प्लेकार्डमा 'सेना पठाउने निर्णयमा विरोध छ' लेखिएको छ । *तस्बिर : एपी/ली जिन म्यान*

## आयस्रोत बढाउन प्रगतिशील कर लागू गर्नुपर्ने

काठमाडौँ, ११ चैत । सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसदहरूले देश र जनताप्रति समर्पित भएर इमानदारीपूर्वक स्वच्छ राजनीति गर्नुपर्छ । इमानपूर्वक राजनीति गर्ने दलको सरकार आफ्नै दलका नेता, मन्त्री र सांसदहरू अपराधी भए कारबाही गर्न पछि हट्नु हुँदैन । आफ्नो दलको मान्छे भनेर कसैको गल्ती छोपेमा, अपराध ढाकेमा जसले जेसुकै बखान गरे पनि आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सकिँदैन । विगतमा निर्वाचित कति सांसदहरू आपराधिक क्रियाकलाप गरेको आधारमा कारबाहीमा परेका छन् । तर, अधिकांश दोषीहरू कारबाहीमा परेनन् । हाल निर्वाचित सांसदहरूमा पनि अपराधमा संलग्न व्यक्तिहरू परेको खबर सञ्चारमाध्यममा आइरहेको छ । अपराधमा मुछिएका हुन् भने उनीहरूलाई कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ ।

विगतमा शासक दलका नेताहरू भागबन्डा मिलाउन, अन्य दललाई चित्त बुझाउन जम्बो मन्त्रिमण्डल बनाउँथे । कसैलाई चित्त बुझाउने नाउँमा चार दर्जनभन्दा बढी मन्त्री रहेको मन्त्रिमण्डल बनाएपछि त्यसको विरोध बढेको थियो; जनदबाब बढेको थियो । सो जनदबाबका कारण मन्त्रालय र मन्त्री सङ्ख्या घटाइएको थियो । अब बन्ने सरकारले पनि मन्त्रालय र मन्त्रीको सङ्ख्या घटाउने खबर सञ्चारमाध्यममा आयो । अनावश्यकरूपमा राजनीतिक नियुक्ति भएका पदहरू पनि हटाउने कुरा छापामा आयो । सरकारले मन्त्रीको सङ्ख्या घटाउन सक्छ; राजनीतिक नियुक्त हटाउन सक्छ । तर, मन्त्रीको सङ्ख्या घट्नु कुनै परिवर्तन होइन, त्यो स्वाभाविक प्रक्रियाभित्र पर्छ । मन्त्री सङ्ख्या घटाउने र बढाउने सन्दर्भमा रवि लामिछाने र बालेन साहबिच राय बाझिएको खबर पनि प्रकाशमा आयो । बालेन र रविबिच भएको सहमतिमा बालेनलाई प्रम बनाउने भन्ने थियो । त्यो बेला कसले कति समय प्रमको कार्यभार सम्हाल्ने भन्ने कुरा बाहिर आएको छैन । तर, अहिले साढे दुई दुई वर्ष सरकारको नेतृत्व गर्ने कुरा प्रकाशमा आयो । झन्डै दुईतिहाइ बहुमत प्राप्त सरकारको नेतृत्व गर्ने दलका नेताहरूबिच भागबन्डाको कुरा सुरु भयो । मन्त्री बन्ने आकाङ्क्षीहरू बढे ।

बन्ने सरकारले देशको गरिमा बढाउने, जनताको सेवा गर्ने बखान गऱ्यो । देशको गरिमा बढाउन कालापानीबाट भारतीय सेना फर्काउनुपर्छ । नेपाली भूमिलाई प्रयोग गरेर भारतले एकतर्फी ढङ्गले लिपुलेक क्षेत्रमा व्यापार गर्न पाउँदैन । लिपुलेक र लिम्पियाधुरामा नेपालको प्रशासनिक कार्यालय बनाई नेपालीहरू बस्ने बन्दोबस्त गरी उनीहरूको लागि चाहिने दैनिक वस्तुको व्यवस्था गर्नुपर्छ । गरिमा बढाउन देशमा हुने विदेशी हस्तक्षेप रोक्नुपर्छ; विदेशी इसारा या निर्देशनमा सरकार चल्नु हुँदैन । विदेशबाट पाउने आर्थिक या विकासको लोभमा परेर नेपाल र नेपालीको अहितमा हुने असमान सन्धि सम्झौता सरकारले गर्नु हुँदैन । सरकारको सफलता आफ्नो कार्यकाल पूरा गर्नुमात्र होइन; नेपाल र नेपालीको हितमा शासन गर्नु हो ।

देशलाई साक्षर मुलुक बनाई बुद्धिजीवीकरण गर्न, देशभरि बिजुली, खानेपानी पुऱ्याउन, सिँचाइको व्यवस्था गर्न, रासायनिक मल कारखाना खोल्न सरकार लाग्नुपर्छ । कार्यालय-कार्यालयमा हुने ढिलासुस्ती रोक्न, घुस खाने कार्य रोक्न सरकार लाग्नुपर्छ । कार्यालयमा ढिलासुस्ती हुन्छ; घुस नखाई काम गर्दैन; पक्षपात गर्छ, विभेद गर्छ, न्याय पाउँदैन भने जनताले नयाँ सरकारको के उपलब्धिको आशा गर्ने ? वृद्धवृद्धाहरूको जीवन सुनिश्चित गर्ने आधार सरकारले तयार गर्छ कि गर्दैन ? स्वास्थ्योपचारमा लाग्ने महँगो औषधि उपचार सरकारले गर्ने व्यवस्था गर्नुपर्छ । अभाव भएको ग्यास पूर्ति गर्नेतर्फ सरकार लाग्नुपर्छ । 'घुस ७० लाख, धरौटी २५

*बाँकी पृष्ठ ८ मा*

## बिस्का जात्रा व्यवस्थापनको लागि भनपामा सरोकारवालाहरूको बैठक



भक्तपुर, ११ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न बुधबार सरोकारवालाहरूसँगको बैठक भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकमा प्रमुख प्रजापतिले २०८२/८३ को बिस्का जात्रा निर्धारित समयमा शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

उहाँले २०८२ चैत २७ गतेदेखि २०८३ वैशाख ५ गतेसम्म सञ्चालन हुने ८ रात ९ दिनको भक्तपुरको प्रसिद्ध बिस्का जात्रा संसारले हेर्ने जात्रा भक्तपुरको मौलिक जात्रा भएकोले नगरपालिकाले यसलाई विशेष महत्त्व दिएर व्यवस्थापनमा जोड दिँदै आएको बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ उमेशकुमार ढकालले बिस्का जात्रा सबैको साझा जात्रा हो र यसको व्यवस्थापनमा सबै सरोकारवालाहरूको संयुक्त साथ, सहयोग र समन्वय आवश्यक भएको बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख आनन्द कर्माचार्यले बिस्का जात्राको हालसम्मको तयारीबारे अवगत गर्दै रथ निर्माणको तयारी भइरहेको बताउनुभयो ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जात्राको सुरक्षालाई ध्यान दिएर सिसी क्यामेरा अपग्रेड गरिने बताउँदै जात्राको प्रत्यक्ष प्रसारण गर्न सकिए जात्रास्थलमा हुलहुज्जत कम हुने बताउनुभयो । जात्रालाई व्यवस्थित बनाउन र निगरानीको लागि ड्रोनको प्रयोग पनि गरिने बताउँदै उहाँले जात्रा समयमा सुरु गरी समयमा सम्पन्न गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, भैरवनाथ जात्रा व्यवस्थापन

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्र कुनो**





**विजयसालका भाँडाकुँडा**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-८ नौखरीका स्थानीय काष्ठ उद्यमीले विजयसालबाट तयार गरेको भाँडाकुँडा छान्दै ग्राहक । विजयसाललाई बहुगुणी आयुर्वेदिक औषधिका रूपमा लिने गरिन्छ । *तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस*

# वातावरण प्रदूषण र बाढी पहिरो तथा अग्नि नियन्त्रणको विषयमाथि अन्तरक्रिया कार्यक्रम

भक्तपुर, ११ चैत । जिल्ला समन्वय समिति भक्तपुरको आयोजनामा बुधबार वातावरण प्रदुषण र बाढी पहिरो तथा अग्नि नियन्त्रण विषयमाथि अन्तर क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा त्रिवि वातावरण सङ्कायका प्रोफेसर कमलराज गोसाईले स्वच्छ वातावरण सम्पूर्ण मानव जातिकै हितका लागि नभई नहुने भएकोले वातावरणको संरक्षणको लागि व्यवहारिक रूपमा नीतिनियम कडाइसाथ लागू गर्नुपर्ने घरघरबाट निस्कने फोहोर पानीको प्रशोधनसहित खोलानालालाई जीवन्त राख्नुपर्ने बताउनुभयो ।

उहाँले कृषियोग्य तथा रूख बिरुवा भएको जग्गाजमिनमा प्लटिङले काठमाडौँ उपत्यकामा आउने बाढी प्राकृतिक नभई मानवीय कारण निम्तिएको बताउँदै वातावरणीय प्रभाव मूल्याङ्कनसहित दीगो भूमि प्रयोग गरी कला संस्कृतिको संवर्द्धन गर्नुपर्ने विचार राख्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले वातावरण संरक्षणको लागि जिल्ला प्रशासन कार्यालयमार्फत आवश्यक सहयोग गर्न तत्पर रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख ईश्वरबहादुर थापाले भक्तपुरको स्वच्छ वातावरणलाई दीगोपन दिन वातावरण संरक्षणको लागि आवश्यक बजेट निर्माणमा सहजीकरण गर्ने बताउनुभयो ।

वातावरण संरक्षण मञ्च भक्तपुरका अध्यक्ष न्हुछेबहादुर प्रजापतिले वातावरण संरक्षण मञ्च स्थापनादेखि हालसम्म वातावरण संरक्षणका लागि भएका विभिन्न गतिविधिबारे जानकारी दिँदै मानव अस्तित्व बचाउन हिमालदेखि तराईसम्मका स्वच्छ वातावरण जोगाउनुपर्ने विचार राख्नुभयो ।

उक्त कार्यक्रमको सह आयोजक वातावरण संरक्षण मञ्च भक्तपुर हो ।

# चिकित्सक टोली हिमालमा परिचालन

काठमाडौँ, ११ चैत । वसन्त ऋतुमा हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि चिकित्सकको टोली हिमालमा खटिएको छ ।

हिमालयन उद्धार सङ्घले आन्तरिक तथा बाह्य पर्वतीय पदयात्रीको उपचारका लागि सोलुखुम्बुको सगरमाथा बेस क्याम्प, फेरिचे र मनाङ जिल्लाका लागि विदेशी चिकित्सकसहित ११ जनाको टोली त्यसतर्फ खटाएको हो ।

वसन्त र शरद् ऋतुमा हिमाल आरोहण गर्न जाने पर्यटकलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले विसं २०३० मा स्थापना भएको उक्त सङ्घले वसन्त ऋतु सुरु भएसँगै पाँच विदेशी र दुई नेपाली चिकित्सकसहित ११ जनाको टोलीलाई हिमालमा पठाएको हो ।

हिमालय उद्धार सङ्घका अध्यक्ष डम्बर पराजुलीले हिमाल आरोहण गर्न जाने पर्वतीय पर्यटकको स्वास्थ्य जाँच तथा उपचारका लागि सोलुखुम्बुको सगरमाथा आधार शिविर, सोलुखुम्बुको फेरिचे र मनाङको मनाङ गाउँमा अस्थायी स्वास्थ्य केन्द्र स्थापना गरी चिकित्सक टोली खटाइएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “हिमाल आरोहण गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी आधार क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउन तालिम दिएर स्वयंसेवी चिकित्सक परिचालन गरेका हौँ ।”

सगरमाथा आधार शिविरमा अष्ट्रेलियाली चिकित्सक सामन्था एलिसन विल्स, नेपाली चिकित्सक पिन्स सिंह र सहयोगीका रूपमा लाक्पा नोर्बु शेर्पा खटिनुभएको छ । फेरिचे स्वास्थ्यचौकीमा अस्ट्रेलियाली चिकित्सक रेबेका एलेन कारपेन्टर, अमेरिकाका डा. केटलिन ब्रुक हार्पर, नेपाली चिकित्सक आकृति सिंह र सहयोगीका रूपमा आङ दावा शेर्पा र थानेश्वर भण्डारी खटिनुभएको छ ।

यसैगरी, मनाङ स्वास्थ्यचौकीमा अमेरिकाका डाक्टर जोसेफ पिटर महोनी, अष्ट्रेलियाली डाक्टर केन जे कोह र सहयोगीका रूपमा प्रकाश खत्री खटिनुभएको सङ्घले जनाएको छ । प्रत्येक वर्ष हजारौँ पदयात्री र आरोहीलाई स्वास्थ्यसेवा प्रदान गर्दै आइरहेको सङ्घले जनैपूर्णिमाका अवसरमा गोसाइँकुण्डमा समेत स्वास्थ्य शिविर राखेर पदयात्रीलाई सेवा प्रदान गर्दै आएको छ ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्यालले कार्यक्षेत्रमा खटिएका स्वयंसेवक चिकित्सकलाई लेक लाग्ने समस्या र अन्य पर्वतीय क्षेत्रमा आइपर्ने स्वास्थ्य समस्याबारे विस्तृत तालिम प्रदान गरेर सङ्घले कार्यक्षेत्रमा पठाउने गरेको जानकारी दिनुभयो ।

उक्त टोलीले स्वदेशी पदयात्रीलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । सङ्घले नेपाल मेडिकल काउन्सिलबाट स्वीकृत लिएका चिकित्सकलाई मात्र कार्यक्षेत्रमा खटाउने गरेको सिइओ बस्यालले बताउनुभयो ।

पर्वतीय पदयात्रा व्यवसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का निवर्तमान अध्यक्ष नीलहरि बास्तोलाले हिमाल आरोहणका लागि उच्च हिमाली क्षेत्रमा पुगेका स्वदेशी तथा विदेशी पदयात्रीलाई स्वास्थ्य सेवा प्रदान गर्नु राम्रो काम भएको बताउनुभयो ।

“हिमाल आरोहणका लागि गएका पर्यटकलाई स्वास्थ्य सेवाबाट राहत पुगेको छ, सो सेवा सरकारी क्षेत्रबाट पनि प्रदान गरिनुपर्ने हो, सङ्घले हिमाली क्षेत्रमा पुर्‍याएको सेवा प्रशंसनीय छ,” बाँस्तोलाले भन्नुभयो । सङ्घले सन् २००३ देखि सगरमाथा आधार शिविरमा स्वास्थ्य शिविर स्थापना गरी आरोही र आरोहणमा सहयोग गर्ने कर्मचारीका साथै अन्य पदयात्रीलाई सेवा दिँदै आएको छ । फेरिचेमा सन् १९७३, मनाङ गाउँमा सन् १९८० र गोसाइँकुण्डमा सन् १९९७ देखि स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । ***रासस***

**हार्दिक समवेदना**



जन्म
१९९७/१२/२४

निधन
२०८२/१२/०१

**यस समूहका सदस्य भैलबहादुर बनमालाकी ममतामयी काकी आमा तथा यस समूहका सदस्य राजेश बनमालाकी ममतामयी हजुरआमा मैँया बनमालाको दुःखद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।**

| | | | |
|---|---|---|---|
| आशकाजी बनमाला | श्रीगोपाल बनमाला | बालकृष्ण प्रजापति | पूर्ण कारंजित |
| तुल्सीराम बनमाला (क) | दिनेश बनमाला | कृष्णराम प्रजापति | प्रदिप पलिखेल |
| बिमल बनमाला | निरज बनमाला | पुरूषोत्तम मानन्धर | संदीप बोहजु |
| नरेश बनमाला | जीवन बनमाला | रामभक्त मानन्धर | चिरिबाबु महर्जन |
| उमल बनमाला | सुजन बनमाला | उत्तम मानन्धर | राजाराम बासी |
| रामसुन्दर बनमाला | रोशन बनमाला | कृष्णबहादुर मानन्धर | विजय ज्याख्व |
| अमन बनमाला | विश्वराम बनमाला | प्रविन मानन्धर | गणेश साँद |
| श्रीकृष्ण बनमाला | बद्रीनाथ बनमाला | सुमन गोसाई | काइँला मारिखु |

**पँबो गणेश समूह ‘क’ र ‘ख’**

# दुर्घटना बढेपछि ताथली–नाला सडकमा पुग्यो सुरक्षा अधिकारीको टोली

भक्तपुर, ११ चैत । अरनिको राजमार्गको वैकल्पिक सडकको रूपमा रहेको च्याम्हासिंह-ताथली-नाला सडकमा दैनिक दुर्घटना बढेपछि जिल्लास्थित सुरक्षा निकायको टोली दुर्घटना न्यूनीकरणको उपाय खोज्न सडक अनुगमनमा पुगेको छ ।

भक्तपुरको सूर्यविनायक-बनेपा-धुलिखेल छ लेन सडक विस्तार सम्पन्न गर्न ढिलाइ भएसँगै बनेपा चोकबाट नालाताथली हुँदै च्याम्हासिंह निस्कने सडकमा दैनिक दुर्घटना बढेपछि स्थानीयवासीलाई चिन्ताको विषय बनेको छ । उक्त सडकमा अत्यधिक सवारी चाप बढेको छ ।

दैनिक दुर्घटनाको गुनासो आएपछि भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको नेतृत्वमा आज जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्का, जगाती प्रहरी वृत्तकी प्रहरी नायब उपरीक्षक चञ्चला श्रेष्ठ, जिल्ला ट्राफिक प्रहरी परिसरकी ट्राफिक प्रहरी निरीक्षक झरना सुनार, चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातलगायतका टोलीले उक्त सडकमा दुर्घटना हुने मुख्य क्षेत्रहरूको अनुगमन गरेको हो ।

सडकमा अत्यधिक सवारी चाप हुने र मोटरसाइकलदेखि साना सवारीसाधनको तीव्र गतिका कारण दैनिक दुर्घटना बढेको सुरक्षा निकायदेखि जनप्रतिनिधिले निष्कर्ष निकालेका छन् । स्थानीय दत्तात्रय खाद्य उद्योगका सञ्चालक सञ्जीव मधिकर्मीले यसक्षेत्रमा एकैदिन आफ्नै आँखा अगाडि तीनवटासम्म दुर्घटनामा भएको बताउँदै दैनिक दुर्घटनाले निकै चिन्ता बढाएको बताउनुभयो । दुर्घटना बढेपछि उद्योगको गेटमा सडकतर्फ फर्काएर तीनवटा सिसीक्यामरा जडान गरेपछि दुर्घटना हुँदा फरार हुने सवारीसाधन पत्ता लगाउन प्रहरीलाई सहज भएको बताउँदै दुर्घटना न्यूनीकरणको उपाय अवलम्बन गर्न आवश्यक रहेको सुझाव टोलीलाई दिनुभयो ।

चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातले एक वर्षअघि चाँगुनारायण नगरपालिकाले नौवटा सिसीक्यामेरा जडान गरे पनि मालवाहक ठुला सवारीसाधनले तार चुँडालिदिएपछि अहिले एउटा पनि सञ्चालनमा नरहेको बताउनुभयो । उहाँले सिसीक्यामरासँगै यहाँ सडक बत्तीको समेत आवश्यकता रहेको छ भन्नुभयो ।

सिसीक्यामेरासमेत नहुँदा दुर्घटना गरेर सवारीसाधन भाग्ने र गल्ती गर्नेलाई कारबाही गर्नसमेत समस्या भएको बताउँदै प्रहरी वृत्त जगातेकी प्रमुख श्रेष्ठले सिसीक्यामेरा जडान र सचेतनामूलक बोर्ड राख्न सके दुर्घटना न्यूनीकरणका साथै अनुसन्धानमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

साँघुरो सडकमा सवारी चाप, चालकमा अनुशासनको कमी र द्रुतगतिमा सवारी हुइँक्याउने प्रवृत्तिले दुर्घटना बढेको भन्दै बढी जोखिम हुने सडकमा ट्राफिक प्रहरीको उपस्थिति र कारबाही बढाउनुपर्ने स्थानीयवासीको भनाइ छ । यस क्षेत्रमा सञ्चालनमा रहेका इँटाभट्टा, विभिन्न उद्योगहरूले सडकतर्फ सिसीक्यामरा जडान गर्ने र रातिका लागि सडक बत्तीको व्यवस्था गराइदिनसमेत स्थानीयवासीले माग गरेका छन् ।

जिल्ला ट्राफिक प्रहरी प्रमुख सोनारले डमी ट्राफिक माग गरिरहेको, जनशक्ति कम भएकाले समस्या भएको, यस क्षेत्रमा तत्काल एक प्रहरी पोष्ट स्थापना गर्न आवश्यक भएको, जनचेतनामूलक पोष्टर राख्न, सिसीक्यामरा, सडक बत्तीको व्यवस्था गरिदिन सके दुर्घटना न्यूनीकरणमासहयोग पुग्ने बताउनुभयो ।

अनुगमनका क्रममा प्रजिअ ढकालले दुर्घटनाग्रस्त क्षेत्रमा तत्काल सुरक्षाकर्मी राखेर ट्राफिक अनुशासन कायम गराउने, कारबाही प्रक्रिया अगाडि बढाउने, ‘फ्लेक्स बोर्ड’, सिसीक्यामेरा राख्न पहल गर्ने बताउनुभयो । उहाँले वडाध्यक्ष त्यातलाई तत्कालै यस क्षेत्रका व्यवसायीसहित सरोकारवालाको बैठक बोलाएर यहाँको समस्या समाधानका लागि पहल गर्न निर्देशन दिनुभयो ।

प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले बनेपा जगातेको सडकमा घण्टौँ जाम हुने भएपछि यस सडकमा सवारी चाप बढेको बताउँदै सडक डिभिजन कार्यालयसँग पनि यसबारेमा छलफल आवश्यक रहेको बताउनुभयो । ***रासस***

# ठगीमा परेका ५१ नेपालीको कम्बोडियाबाट उद्धार

काठमाडौँ, ११ चैत । विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका ५१ नेपालीको उद्धार गरिएको छ ।

अनलाइन ठगिका साथै विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा बिना राहदानी बसिरहेका उनीहरूलाई आज थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली सङ्घ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो ।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ । कम्बोडियामा नेपालीलाई नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाराहदानी वा राहदानी-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ ।

कम्बोडियामा अवैध रूपमा बसिरहनुभएका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैङ्कक वा गैर-आवासीय नेपाली सङ्घ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी जनाको गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैङ्ककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको जनाएको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ नेपालीहरू भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ नेपालीहरू कम्बोडिया गएको देखिन्छ ।

## सङ्क्षिप्त समाचार

# दैलेखमा निर्वाचन समीक्षा

दैलेख, ११ चैत । नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर सम्पर्क समितिको आयोजनामा निर्वाचन समीक्षा भयो ।

सो कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले पुँजीवादी निर्वाचनलाई नेमकिपाले उपयोग गरेको हो भन्नुभयो । देशी विदेशी चलखेल बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले कार्यकर्ताहरूले पार्टीको नीतिअनुसार काम गर्न आग्रह गर्नुभयो ।

नेमकिपाका जिल्ला अध्यक्ष जगत वलीले पुँजीवादी निर्वाचनबाट समाजवाद नआउने भएकोले निर्वाचन सबथोक होइन भन्नुभयो ।

कार्यकर्ताहरूले निरन्तर पार्टीको विचारलाई जनतामाझ लगेर सङ्गठन विस्तार गर्नुपर्नेमा जोड दिँदै उहाँले वर्ग शत्रुबाट सचेत रहनुपर्छ भन्नुभयो ।

उहाँले नेमकिपाले देश र जनताको हितमा सडकबाट पनि सङ्घर्ष जारी राख्नेछ, उहाँले भन्नुभयो । सो कार्यक्रममा नेमकिपाका शिवराज दाहाल र नन्दलाल दाहालले बोल्नुभएको थियो ।

# एक खर्ब २३ अर्ब ६७ करोडको पेट्रोलियम पदार्थ आयात

वीरगन्ज (पर्सा), ११ चैत । चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु. एक खर्ब २३ अर्ब ६७ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सोही अवधिको तुलनामा चालु आवमा इन्धन आयात बढेको छ ।

पेट्रोलियम पदार्थको आयातबाट रु. ५२ अर्ब १५ करोड राजस्व सङ्कलन भएको छ । त्यसैगरी, रु. ६३ अर्ब ६५ करोड बराबरको सात लाख दुई हजार ३०० किलोलिटर डिजेल आयात भएको छ । सोही अवधिमा रु. २५ अर्ब ३० करोड बराबरको दुई लाख ९० हजार ३८२ किलोलिटर पेट्रोल रु. २० अर्ब ८५ करोड बराबरको २० करोड २८ लाख २० हजार ९३२ किलोग्राम एलपी ग्यास आयात भएको छ । ***रासस***

# सुनसरीमा हर्षोल्लासका साथ चैती छठ

इनरुवा (सुनसरी), ११ चैत । सुनसरी सदरमुकाम इनरुवासहित जिल्लाको विभिन्न स्थानमा हर्षोल्लासका साथ चैती छठ मनाएका छन् । इटहरी उपमहानगरपालिकाको बुढी खोलसहित इनरुवा, भोक्राहा, कोसी, हरिनगरलगायत स्थानमा चैती छठ मनाएका हुन् ।

नजिकको जलासय वा कृत्रिम जलासयको निर्माण गरेर मङ्गलबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका भक्तजन बुधबार बिहानै उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्व समापन भएको हो । छठको चौथो तथा अन्तिम दिन बुधबार बिहान सूर्योदय हुनुअघि नै ब्रतालुहरू कम्मरसम्म पानीमा डुबेर सूर्यदेवको आराधना गर्न व्यस्त रहेका थिए । हातमा ठेकुवा, भुसुवा, केरा र अन्य मौसमी फलफूल राखिएको बाँसको डाला र नाङ्लो बोकी सूर्यको किरण देखिनेबित्तिकै दूध र जलले अर्घ्य अर्पण गरिएको थियो ।

अर्घ्य दिएसँगै व्रतालुले ३६ घण्टा लामो कठिन निर्जल व्रत गरी समापन गरेका छन् । जलाशयका घाटहरूलाई झिलिमिली बत्ती र ध्वजापताकाले आकर्षक ढङ्गले सजाइएको थियो । यस पर्वमा सूर्य र उनकी बहिनी छठी माईको पूजा गर्नाले पारिवारिक सुख, समृद्धि र आरोग्य प्राप्त हुने धार्मिक मान्यता छ ।

शरद ऋतुमा मनाइने कात्तिके छठ जत्तिकै व्यापक भए पनि पछिल्ला केही वर्षयता चैती छठ मनाउने परम्परामा उल्लेख्य वृद्धि भएको स्थानीय भक्तजन सुधिर साफीले जानकारी दिनुभयो । बजार क्षेत्रमा कृत्रिम पोखरी बनाएर र जलासय भएको ठाउँ नदी, खोला र पोखरीमा चैती छठ वर्तीले उदाउँदो सूर्यलाई अर्घ्य दिएको स्थानीय नेहा मण्डलले बताउनुभयो । ***रासस***

# तीन हजारभन्दा बढीलाई विपद्–प्रतिकार्य तालिम

काभ्रेपलाञ्चोक, ११ चैत । पाँचखालस्थित सशस्त्र प्रहरी बल नेपाल १५ नं गण हेडक्वार्टरले काभ्रेपलाञ्चोकमा विपद् व्यवस्थापन एवं प्रतिकार्य स्वयंसेवक आधारभूत तालिम तथा विपद सूचकसम्बन्धी अभ्यास अभियानमार्फत तीन हजारभन्दा बढीलाई तालिम प्रदान गरेको छ ।

एक वर्षे अभियानमा जिल्लाको १३ स्थानीय तहका १३५ वडामा तालिम तीन हजार ३६५ मनसुनजन्य तथा अन्य विपद् सूचक एवं स्वयंसेवक निर्माण गरेको गणले जनाएको छ । यस्तै १७ शैक्षिक संस्थाका एक हजार ३४३ विद्यार्थीलाई विपद् प्रतिकार्यमूलक सचेतना गराइएको छ । स्थानीय तहको समन्वयमा विपद् जोखिम न्यूनीकरण, तयारी तथा प्रतिकार्यबारे प्रशिक्षित गरिएको गणपति सशस्त्र प्रहरी उपरीक्षक माधव रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न सामाजिक संस्थाका प्रतिनिधिलाई यसबारे प्रशिक्षित गराउँदै आइएको छ ।

गणले स्थानीयस्तरमा 'सुरक्षित समाज' को उद्देश्यका साथ मनसुन लक्षित तालिमसमेत सञ्चालन गरेको छ । "तालिममा विद्यार्थी, स्वाधीन आमा समूह तथा जोखिमयुक्त क्षेत्रका स्थानीयलाई सहभागिता गराउँदै आएका छौँ," रेग्मीले भन्नुभयो ।

गणले गत असारमा विपद् प्रतिकार्यस्वरूप उद्धारार्थ नमोबुद्ध नगरपालिका-७ भकुण्डेबेँसीमा तालिम प्राप्त उद्धारकर्ता, विपद् उद्धार सामग्रीसहित २५ जनाको सङ्ख्यामा मनसुनजन्य अस्थायी विपद् उद्धार बेस क्याम्पको स्थापना गरेको छ । उक्त क्याम्पले मनसुनको समयमा बाढीपहिरो र सडक अवरुद्ध हुने उच्च जोखिम भएकाले उद्धार राहत कार्यलाई प्रभावकारी बनाउने जनाइएको छ ।

यस्तै बीपी राजमार्ग क्षेत्रको सुरक्षा तथा शान्ति-सुरक्षा कायम गर्नुका साथै स्थानीय तह, सुरक्षा तथा अन्य सराकारवाला निकायसँग समन्वय गरी आकस्मिक अवस्थामा तत्कालै परिचालित भई विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने क्याम्पलाई जिम्मेवारी तोकिएको गणपछि रेग्मीले जानकारी दिनुभयो । ***रासस***



**भाँचियो निर्माणाधीन पुल**

पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पाँचथरको याङवरक गाउँपालिका-२ स्थित मेवा खोलाको दोभानेमा गएराति भाँचिएको निर्माणाधीन पुल । बाढीले पुलको टेका र फर्मा राखिएको जमिनको सतह बगाएपछि निर्माण सम्पन्न हुन लागेको पुल भाँचिएको हो । ४० मिटर लामो पुल रु. सात करोड ७६ लाखको लागतमा निर्माण भइरहेको थियो । *तस्बिर: रवीन्द्र काफ्ले/रासस*

# बजेट अभावमा म्याग्दीका बहुवर्षीय सडक आयोजना प्रभावित

म्याग्दी, ११ चैत । बजेट अभावका कारण गण्डकी प्रदेश सरकारमार्फत जिल्लामा सञ्चालित रणनीतिक महत्त्वका बहुवर्षीय सडक आयोजनाहरूको निर्माण प्रभावित बनेको छ ।

पूर्वाधार विकास कार्यालयलाई प्रदेश सरकारले बहुवर्षीय आयोजनाका लागि विनियोजन गरेको बजेट सकिएपछि व्यवसायीले भुक्तानी पाएका छैनन् । कार्यालयका अनुसार म्याग्दीमा चालु आर्थिक वर्षका सडक पूर्वाधारसम्बन्धी ३२ योजनाका लागि रु. ६२ करोड विनियोजन भएको थियो ।

बेनी-पाखापानी सडकको भुतादैला-तोरीपानी खण्डको चार किलोमिटर दूरीमा कालोपत्र र ग्राभेल गर्ने कार्य लक्ष्यभन्दा पाँच महिनाअघिनै सम्पन्न भए पनि बजेट अभावमा भुक्तानी नपाउँदा समस्या भएको निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले बताउनुभयो । रु. दुई करोड बजेट विनियोजन भएको यो योजनाका लागि थप रु. दुई करोड ५० लाख बजेट अपुग भएको छ ।

गलेश्वर-पुलाश्रम (पछै)-जगन्नाथ जोड्ने सडक आयोजनाका निर्माण व्यवसायी भीम सापकोटाले पनि लक्ष्यभन्दा पाँच महिनाअघिनै योजना सम्पन्न गरे पनि बजेट अभावका कारण ऋण खोजेर मजदुरको ज्याला र आपूर्तिकर्तालाई भुक्तानी दिनुपरेको गुनासो गर्नुभयो । हाडेभिर-बगरफाँट-भकिम्ली र भगवती-सिजलगाउँ-बेग सडक योजनाका निर्माण व्यवसायी नीरज भण्डारीले बजेट सकिएपछि निर्माण कार्य स्थगित गरेको बताउनुभयो ।

क्रमागत १७ वटा योजनाका लागि रु. ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु. १० करोड बजेट प्राप्त भएको थियो । सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु. २३ करोड २२ लाख बजेट बिनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटनबाहेक धेरैजसो सडकमा बजेट अभाव भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा. महेन्द्र बानियाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सालबसाली योजनाहरूको ठेक्का प्रतिस्पर्धाको क्रममा घटेको करिब डेढ करोड आन्तरिक रकमान्तर र थप रु. आठ करोड ४५ लाख रकमान्तरका लागि मन्त्रालयमा सिफारिस गरेका छौँ । बजेट भएका योजनामा काम नहुँदा खर्च गर्न सकिएको छैन, काम भएका योजनाको बजेट सकिएपछि व्यवसायीलाई काममा लगाउन समस्या भएको छ ।"

बेनी-दरवाङ-कल्लेनी-ताकम-मुना-जलजला, दरवाङ-अदिभारा-डाडागाउँ-सोले-तमान-बुर्तीवाङ, पखेर बरङ्जा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ- मुना-ढोरपाटन, दरवाङ-बिम-दिच्याम, दरखोला सडक पुल, शिवरात्रि खोला सडक पुल, रुमदेखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(२) का क्रमागत बहुवर्षीय योजनाहरू हुन् ।

निर्वाचन क्षेत्र १ (क) मा बेनी-तोरीपानी, हाँडेभिर-बगरफाँट-दूधेखोला-हल्लेगौडा- डोलेमुसुङ, गलेश्वर-पिप्ले-भगवति, गलेश्वर-पुलाश्रम, चित्रे-घोडेपानी, भगवति-सिजलगाउँ-बेग जोड्ने क्रमागत बहुवर्षीय सडक निर्माणाधीन छन् ।

रु. एक/एक करोड बजेट विनियोजन भएको बिम-मराङ-मल्कवाङ-पाखापानी, जैसीखोर-खहरेखोला-रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति योजनाको बहुवर्षीय ठेक्का आह्वान भएको छ । रु. एक करोड बजेट विनियोजन भएको फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि बहुवर्षीय ठेक्का आह्वान गर्न स्रोत सुनिश्चितता भएको छ ।

जिल्लाका प्रदेशसभा सदस्यद्वय रेशमबहादुर जुग्जाली र हरिबहादुर भण्डारीले बजेट अभावमा सडकको निर्माण अवधि लम्बिने अवस्था देखिएको विषयमा प्रदेश सरकार र विभागीय मन्त्रीको ध्यानाकर्षण गराएको बताउनुभयो । अपुग बजेट रकमान्तरण गरेर काम गरेका व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग पहल गरिरहेको उहाँहरूले बताउनुभयो । ***रासस***

# तल्लो सेती जलविद्युत् : आवासका लागि जग्गा अधिग्रहण

दमौली (तनहुँ), ११ चैत । तनहुँमा निर्माण हुने १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु भएको छ ।

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुने थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । तल्लो सेतीको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको र अब विद्युत्गृह, कार्यालय र कर्मचारी आवास क्षेत्रका लागि देवघाट गाउँपालिकामा पर्ने जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

मुआब्जा निर्धारण समितिअन्तर्गत गठित उपसमितिले जग्गा अधिग्रहणस्थलमा रहेका संरचनाको विस्तृत नापजाँच सर्वेक्षण र क्षति सूची तयार गरी प्रतिवेदन समितिसमक्ष पेस गरेको प्रमुख भण्डारीले बताउनुभयो । आयोजनाको पहुँच सुरुङ निर्माण कार्यसमेत सुरु भइसकेको छ । चितवनस्थित राजमार्गबाट आयोजनाको विद्युत्गृह क्षेत्रतर्फ जान त्रिशुली नदीमाथि निर्माण गरिने पहुँच पुल लागत अनुमान तथा टेण्डर कागजात तयारी सकिएको उहाँले बताउनुभयो ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै ६.८ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्घ भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ । आयोजनाबाट बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३ र १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६ तथा भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुने छन् ।

देवघाट गाउँपालिका-४ गाईघाटमा अर्धभूमिगत विद्युत् गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ । आयोजनाबाट वार्षिक रूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने छ । आयोजनाको अनुमानित लागत रु. २५ अर्ब रहेको छ ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब ३.५ मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजगात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो । ***रासस***

# आइसीसी महिला च्यालेन्ज ट्रफी : २९ खेलाडी छनोट

काठमाडौँ, ११ चैत । रुवाण्डामा हुने आइसीसी महिला च्यालेन्ज ट्रफीका लागि नेपाल क्रिकेट सङ्घ (क्यान) ले प्रारम्भिक चरणमा नेपाली महिला क्रिकेट टोली घोषणा गरेको छ । क्यानले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो ।

छनोट हुने खेलाडीमा विन्दु रावल, रुविना क्षेत्री, सम्झना खड्का, पूजा महतो, इन्दु बर्मा, सीता रानामगर, रुबी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, सिमाना केसी र राजमती ऐरी रहेका छन् ।

त्यसैगरी, छनोट हुने अन्य खेलाडीमा मनिषा उपाध्याय, तृष्णा विके, कुसुम गोदार, रचना चौधरी, सोनी पाख्रिन, साना प्रवीन, खुसी डङ्गोल, सुधा धामी, किरण कुँवर, लक्ष्मी साउद, आलिशा यादव, यशोदा विष्ट, एञ्जी पाठक र रमा बुढाथोकी छन् । ***रासस***

। सम्पादकीय ।

# इरानको प्रतिकारले अमेरिका र इजरायल स्तब्ध

संयुक्त राज्य अमेरिका युद्धको खेती गर्ने देश हो। उसको इतिहास युद्धबाटै अघि बढेको र धनी भएको यथार्थ हो। कहिले एक्लै त कहिले मिलेर अरु देशमा आक्रमण गर्ने, राष्ट्र प्रमुखहरूको हत्या गर्ने, अपहरण गर्ने काममै अमेरिकाको समय बितेको थियो। अमेरिकाले भेनेजुयलामा गरेको आक्रमणको जनताको आक्रोश सेलाउन नपाउँदै इरानमा आक्रमण गऱ्यो र त्यहाँका राष्ट्रपतिसहित दर्जनौँ अधिकारीहरूको हत्या गऱ्यो। इरानले त्यसको बदला दिने निर्णय गऱ्यो र ऊ प्रतिकारमा उत्रियो। अमेरिका र इजरायल मिलेर गरेको आक्रमणको इरानले प्रतिकार नगरेको भए इरानमा अझ बढी आक्रमण गरेर क्षति पुऱ्याउँथ्यो; त्यहाँको तेल, पेट्रोलको भण्डार सबै खरानी पार्थ्यो या आफ्नो नियन्त्रणमा राख्ने कुत्सित प्रयास गर्थ्यो। तर, इरान चुप लागेर बसेन; बदला लिने भावनाले अगाडि बढ्यो।

अमेरिकाले इरानलाई झुक्याउन हर्मुजको जलघाँटी खोल्न ४८ घण्टाको अन्तिमेत्थम् दियो। ट्रम्पले समयभित्र माग पूरा नभए इरानका सबै तेल, पेट्रोल खानी, मिसाइल, ड्रोनहरू नष्ट गर्ने चेतावनी दिए। ट्रम्पको त्यो धम्कीसामु इरान झुकेन बरु आफूले पनि हमला गर्ने प्रण गऱ्यो। अमेरिकाले भनेझैँ इरानले मानेको भए या आत्मसमर्पण गरेको भए अमेरिका इरानलाई थप चूर्ण बनाउन अघि सर्थ्यो। तर, इरान अडानमा रह्यो। इरानको अडानले अमेरिकी राष्ट्रपति पछि हटे। सम्भवतः ट्रम्प पछि हट्नुको कारण अर्को आक्रमणको निम्ति तयारी गरेको हुनसक्ने टिप्पणी पनि राजनीतिक विश्लेषकहरूले नगरेका होइनन्। अरु देशलाई लडाएर हतियार बेची फाइदा लिने अमेरिकाको सपना चकनाचुर पार्न इरान पछि हट्न नहुने पनि अर्को विश्लेषण छ।

ट्रम्प प्रशासन युद्धबाट हट्न चाहेको हो भने, युद्ध रोक्न चाहेको हो भने ट्रम्पले संसारसामु माफी माग्नुपर्छ। इरानले भनेझैँ उक्त आक्रमणमा हालसम्म जे जति क्षति भएको हो त्यो पूर्ति गर्नुपर्छ; अबदेखि इरानमा कहिल्यै आक्रमण गर्ने छैन भनेर प्रतिबद्धता गर्नुपर्छ। अमेरिकाको निर्देशनमा इजरायलले आक्रमण रोके पनि इरान चुप लागेर बस्नु हुँदैन। वार्ताको बखान गरेर अमेरिका र इजरायलले फेरि इरानमा आक्रमण गर्न सक्छ। अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमा आक्रमण गरेपछि क्युवामा पनि आक्रमण गर्ने धम्की दिएका थिए। अमेरिकाले लामो समयदेखि आर्थिक नाकाबन्दी गरेका कारण क्युवामा अहिले सङ्कट देखिन थालेको छ। अमेरिकाले कहिले आर्थिक नाकाबन्दी गरेर, कहिले आक्रमण गरेर, कहिले देश देशबिच लडाएर त कहिले आन्तरिक द्वन्द्व चर्काएर फाइदा लिइरहेको छ।

शनिबार हर्मुजको जलघाँटी ४८ घण्टाभित्र खोल्न इरानलाई राष्ट्रपति ट्रम्पले धम्की दिए। उक्त धम्कीको आधारमा अमेरिकाले इरानमा हमला गर्नुपर्थ्यो। तर, आफ्नो सपना पूरा नहुने देखेपछि राष्ट्रपति ट्रम्पले आफ्नो गल्ती छोप्न 'इरानसँग फलदायी वार्ता भएको' भनी अर्को गल्ती गरे। बरु, इरानले हर्मुजको जलघाँटी पूर्ण रूपमा बन्द गर्ने चेतावनी दियो। यो जलघाँटी भएर लगभग २० प्रतिशत विश्व तेल आपूर्ति हुन्छ। अमेरिकी राष्ट्रपति ट्रम्पको त्यो बकवास छोडेर या फेरि आक्रमणको पूर्व तयारी सम्झेर इरानले पनि सुरक्षाको निम्ति अर्को आक्रमणको तयारी गर्नुपर्ने हुन्छ।

अमेरिकी र इजरायली आक्रमणको कारण आज हरेक वस्तुको मूल्य बढ्यो। सुनको मूल्य अकासिनुको कारण पनि युद्ध नै हो। विश्वमा आतङ्क मच्चाउने, असुरक्षित बनाउने अरु देशको तेल, खनिज र पेट्रोल भण्डारमा आक्रमण गरेर क्षति पुऱ्याउने, राष्ट्र प्रमुखको हत्या गर्ने, पक्राउ गर्ने र धनजन ध्वस्त बनाउने अमेरिकी राष्ट्रपति ट्रम्पलाई संयुक्त राष्ट्र सङ्घले मुद्दा राखेर आजीवन कारावास पठाउनुपर्ने हो या कडाभन्दा कडा कारबाही गर्नुपर्ने हो। विश्वका राष्ट्र प्रमुखहरूसमक्ष उभ्याएर आइन्दा अमेरिकाले कुनै देशमा आक्रमण गर्ने, आक्रमणमा सहयोग गर्ने र अरु देश देश लडाएर हतियार बेच्ने छैन भनी प्रतिबद्धता गराउनु आवश्यक छ। अमेरिकी जनता नै उठेर युद्धकारी अमेरिकी प्रशासनको विरोधमा जाग्नुपर्छ र मुद्दा लगाएर कारावास पठाउनुपर्छ।

अरु देशलाई जुधाएर फाइदा लिइरहेको अमेरिकी राष्ट्रपति ट्रम्प कहिले पनि शान्तिवादी हुनसक्दैनन्। प्रजातन्त्र, मानव अधिकार र शान्ति सुरक्षाको विज्ञापन गरेर ट्रम्पले मानव अधिकारीविरोधी र प्रजातन्त्रविरोधी काम गरिरहे। साम्राज्यवादको नेतृत्व गर्ने अमेरिकालाई ठाउँमा नल्याएसम्म, गलाउन नसकेसम्म संसारका जनता सुरक्षित हुनेछैनन्; सन्तोषको सास फेरेर बाँच्न पाउने छैनन्। यसकारण, आक्रामक अमेरिकी प्रशासनको कुत्सित प्रयासलाई चकनाचुर पार्न विश्वका राष्ट्र र जनता एक ठाउँमा उभिनुपर्छ; विश्वका जनता एकमत भएर साम्राज्यवादी नीतिको विरोध गर्नुपर्छ। साम्राज्यवादी देश अमेरिकालाई एक्लो नबनाइएसम्म उसको शक्तिको दम्भ हट्ने छैन।

# इरान युद्धमा असान्दर्भिक बनेको युरोप

● एलेन गाबोलन

अमेरिका र इजरायलले अर्को अन्धो र खतरानाक क्षेत्रीय युद्ध सुरु गरेका छन्। यो अन्ततः सबैका लागि प्रत्युत्पादक हुने निश्चित छ।

इजरायलको मनसाय अर्कै हुनसक्छ। तर, अमेरिकाले इरानको आणविक र मिसाइल क्षमता पछिसम्मै घटाउन चाहेको देखिन्छ। इरानबाहेक ऊ हिजबुल्लाह समूहलाई पनि कमजोर बनाउन चाहन्छ।

इरानलाई यथेष्ट ध्वस्त पाऱ्यौँ भन्ने अब केही वर्षका लागि उसले इजरायलमाथि आक्रमण गर्नेछैन भन्ने विश्वास भएपछि अमेरिकाले इरानमा पहिले जस्तै धार्मिक शासन चल्ने गरी सम्झौता गर्न सक्छ।

तर, इजरायल र प्रम बेन्जामिन नेतन्याहुको मनसाय अर्कै छ। यो युद्धबाट फाइदा लिने कोही छ भने नेतन्याहु नै हुन्। उनको लागि यो धेरै ठुलो युद्ध हो। इरानबाट आफ्नो प्रतिद्वन्द्वी सत्तालाई फाल्न सके उनले क्षेत्रीय प्रभुत्व कायम गर्नसक्ने सोचेका छन्।

इरानको प्रतिद्वन्द्वी सत्ताले इजरायलको धार्मिक जातिवादी योजनामा सदैव छेकबारको काम गर्दै आएको छ। तर, त्यहाँको प्रतिद्वन्द्वी सत्ता हटाउनु मात्र इजरायलको अन्तिम उद्देश्य भने होइन। आफूवरपर



बफर क्षेत्र बनाउने नाममा इजरायलले बाइबलमा उल्लेख 'ईश्वरप्रदत्त भूमि' (प्रोमिज्ड ल्यान्ड) स्थापना गर्नु हो। राजनीतिक भाषामा यसलाई 'अखण्ड इजरायल' भनिन्छ।

राजनीतिक विश्लेषक, अन्तर्राष्ट्रिय सम्बन्धका जानकार, मिडिया र नेताहरू सिधासादा र लचिला राष्ट्रपति डोनाल्ड ट्रम्पलाई यो द्वन्द्वमा धकेलिएको बताउने गर्छन्। उनलाई मध्यपूर्वमा अर्को युद्ध लड्न नेतन्याहुले फकाएको बताइन्छ।

अर्काथरी विश्लेषकको तर्क के छ भने युद्ध दुई फरक भूराजनीतिक मैदानमा खेलिँदै छ। एउटा क्षेत्रीय (इरानविरुद्ध इजरायली अभियान) र अर्को विश्वव्यापी (चीनविरुद्ध अमेरिकी प्रभुत्वको द्वन्द्व)। यी दुवै युद्धका आआफ्नै तर्क, सामयिकी, लक्ष्य र प्राथमिकता छन्।
यो कोणबाट हेर्दा वासिङटनको वास्तविक तारो इरान नभई चीन हो। भेनेजुयलाको पतनपछि अमेरिकाले पेइचिङको अर्को प्रमुख साझेदार ( इरान) लाई परास्त गर्ने सोचेको थियो।

**सन्तुलनको प्रयास**

युरोपको लागि इरान युद्ध अर्को अपमान हो। यसले युरोपेली युनियनका सदस्य देशहरूलाई थप कमजोर र सीमान्तकृत बनाइदिन्छ।

सुरुदेखि नै युरोपेली देशहरू यो संयुक्त आक्रमणबाट अनेक तवरले पीडित हुने स्थितिमा थिए। इरानले उनीहरूको भूभागमा प्रतिरोधात्मक आक्रमण गर्न सक्थ्यो। उनीहरूले ऊर्जामा मुद्रास्फीत भोग्न सक्थे। उनीहरूले आफ्नो आर्थिक समृद्धि र राष्ट्रिय सुरक्षामा खतरा भोग्न सक्थे। आतङ्ककारी हमलाको जोखिम बढ्न सक्थ्यो। उनीहरूले देशभित्र अस्थिरता उत्पन्न गर्ने गरी ठुलो सङ्ख्यामा आप्रवासनको समस्या भोग्न सक्थे। यी सबै खतरा अझै यथावत छन्।

युरोपेली युनियनका देशहरू ह्वात्तै आफ्नो इच्छाविपरीत युद्धमा तानिए। उनीहरूलाई आउँदो आक्रमणबाट जानकारी नै दिइएको थिएन।

ट्रम्पको डन्डा देखेर तर्सेका उनीहरूले सुरुमा सन्तुलनकारी भूमिका खेल्न खोजे। उनीहरूले 'आक्रामकता घटाउनुपर्ने', 'सर्वसाधारणको रक्षा गर्नुपर्ने' र 'कूटनीतिक समाधानमा जानुपर्ने' पुरानै बकम्फुसे आह्वान गरे। यो आह्वानले हावा खायो। तैपनि, उनीहरूले इरानमाथि आक्रमण गर्ने अमेरिका र इजरायलको कदमको निन्दा गरेनन्। उनीहरूले यो आक्रमणको अनुमोदन पनि गरेनन्।

युरोपेली युनियनका तीन अगुवा देश फ्रान्स, जर्मनी र बेलायतको पहिलो वक्तव्य लज्जास्पद र स्वार्थी थियो। उनीहरूले दिउँसै रात पार्ने गरी झूटो बोले र आक्रमणको पूरै दोष इरानमाथि खन्याए। उनीहरू आक्रमणकारी अमेरिका र इजरायलको निन्दामा एक शब्द खर्चेनन्। उनीहरू युद्धको वैधतामाथि पनि प्रश्न उठाएनन्।

उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) का महासचिव मार्क रट्टे आक्रमणबाट एकदम प्रफुल्लित देखिए। उनी यथार्थबाट एकदम टाढा देखिए। इरानले अरब खाडीका विभिन्न राज्यमाथि प्रत्याक्रमण सुरु गरिसकेको थियो। महासचिव रट्टेले एक अन्तर्वार्तामा दाबी गरे, "(इजरायली-अमेरिकी युद्धले) हामी सबैको रक्षा गर्दै छ।" उनले आफूले कुरा गरेका 'धेरै युरोपेली नेताहरू यो कारबाहीबाट अत्यन्त खुसी भएको' दाबी गरे।

निर्वाचित भइनसकेकी तर अझै शक्तिशाली रहेकी युरोपेली आयोगकी राष्ट्रपति उर्सुला भोन देर लायन, उनकी उपराष्ट्रपति काजा कालास र जर्मन चान्सलर फ्रेडरिख मेर्जले अन्तर्राष्ट्रिय कानुनबारे एक शब्द बोलेनन्। उनीहरूले युद्ध सुरु गर्नमा अमेरिका र इजरायलको दोषलाई नदेखेझैँ गरे।

उल्टो युरोपेली नेताहरूले इरानलाई 'लापरबाही र जथाभावी आक्रमण' गरेको तथा मध्यपूर्वलाई 'अस्थिर' बनाएको आरोप लगाए। उनीहरूले तेहरानलाई तत्काल आक्रमण रोक्न आह्वान गरे। यो अभिव्यक्ति नियोजित थियो। इजरायल र अमेरिकाको आक्रमणकै बचाउमा यी अभिव्यक्ति आएका थिए।

यसरी, युरोपेली नेताहरूले एकै स्वरमा इरानको 'आत्मरक्षाको अधिकार' लाई अस्वीकार गरे। युरोपेली नेताहरूको यस्तो रवैया नयाँ भने होइन। किनभने, युरोपेली युनियन र नेटोले धेरै अघिदेखि इरानी सरकार उल्ट्याउने अमेरिका र इजरायलको अभीष्टमा एकमत थिए। उनीहरूले इरानको सरकारलाई क्षेत्रीय 'व्यवस्था' र इजरायलको अस्तित्वका लागि खतरा देख्दै आएका थिए। यसकारण, उनीहरू इरानलाई निःशस्त्र र रक्षाविहीन बनाउन लालायित थिए।

यस अर्थमा उनीहरू पूर्णतः इजरायल र अमेरिकाको पक्षमा छन्। आफूले गर्नुपर्ने 'फोहर काम' गर्न ती दुई देशले गरेको उनीहरूको बुझाइ छ। केही समय हिचकिचाएझैँ गरेपछि फ्रान्स र बेलायतले इरानविरुद्ध अमेरिकालाई आफ्ना हवाई क्षेत्र र सैन्य अखडाहरू प्रयोग गर्न दिए।

**निस्क्रिय प्रतिकार**

तथापि, केही समयका लागि भए पनि युरोपेली देशहरूले युद्धमा थप हात हाल्न अस्वीकार गरेको तथ्य मान्नैपर्छ। ट्रम्पले हर्मुज नाका खोल्न युरोपेली देशहरूसँग सहयोग माग्दा उनीहरूले अस्वीकार गरेको साँचो हो। उनीहरूले यो युद्ध आफ्नो नभएको प्रस्ट घोषणा गरे। यसबाट नयाँ इरानी सरकारसँग उनीहरूले हात मिलाउने सङ्केत मिल्छ।

यो ढिलो र स्वागतयोग्य युरोपेली अडान केवल निस्क्रिय प्रतिकार हो। यो कुनै दृढ विरोध होइन। बरु, क्षति घटाउने र आफ्नो बचाउ गर्ने उपाय हो।

युरोपको पछिल्लो रवैयाले उनीहरूको प्रभाव र महत्तामा नाटकीय ह्रास आएको तथ्य ढोकछोप गर्न सक्दैन। विश्वले र खासगरी दक्षिणी गोलार्द्धका देशहरूले यो तथ्य पुनः एकपल्ट प्रस्टसँग देख्न पाए।

युरोपले आफूलाई फेरि एकपल्ट आफ्ना रणनीतिक हितको रक्षा गर्न सक्ने मध्यम शक्ति पुष्टि गर्न सकेन। उसले यस्तो चाहना पनि राखेन। युरोपेली युनियनका देशहरूले अब आफ्नो कमजोरी, अक्षमता, कायरता र पाखण्ड लुकाउन सक्दैनन्। खासगरी, तिनको बहुप्रचारित नैतिक र सभ्य मूल्यमान्यता सब फोस्रा साबित भएका छन्। मानव अधिकार जस्ता मुद्दामा उनीहरू नाङ्गिएका छन्।

यसले युरोपको नैतिक प्राधिकार र विश्वसनीयतामा क्षति पुगेको छ। मनपर्दी युद्धमा खुलेआम खुसी जाहेर गर्ने, आफ्ना तथाकथित नैतिक सिद्धान्तलाई रद्दीको टोकरीमा फाल्न तयार हुने र (इरानमा मानिस मर्दा चुप बस्ने तर) आफ्ना जनता मर्दा मात्र शोक व्यक्त गर्ने युरोपको रवैयाले यति क्षति त हुनु नै थियो।

गाजाको जातिसंहारपछि पनि युरोपेली युनियनका सदस्य देशले विश्वकै सबैभन्दा बदमास उपनिवेशवादी देश इजरायललाई निःसर्त समर्थन दिइरहे। इजरायललाई अहङ्कारी धार्मिक कट्टरपन्थीहरूले चलाउँछन् भन्ने जगजाहेर हुँदाहुँदै पनि युरोपले यो दोहोरो खेल खेलिरह्यो।

वासिङटन समझदारी (सन् १९८९) पछि भएका युद्धहरूमा मारिने मृतकहरूका लागि युरोपका नेताहरूले पश्चाताप व्यक्त गरेका थिए। तर, तिनको आँसु गोहीको आँसु थियो। किनभने, यी युद्धका दोषीहरू उनीहरू पनि थिए। देश-विदेश दुवैतिर उनीहरूले मानव अधिकारलाई परित्याग गरे। गाजाको जातिसंहारमा उनीहरूको पूर्ण मिलेमतो रह्यो। इजरायलको निरन्तर युद्ध अपराधमा उनीहरू सदैव साथ रहे।

युरोपका यस्ता कर्तुतहरूको लेखाजोखा राख्न असम्भव छ। पछिल्लोपल्ट पनि उनीहरूले सिद्धान्त त्यागेका अनेक उदाहरण पाइन्छन्। आफूलाई सजिलो पर्दा उनीहरूले विधिको शासनका सबैभन्दा मूलभूत र पवित्र सिद्धान्तहरूलाई झ्याल खोलेर बाहिर मिल्क्याएका छन्। कुनै मुलुकको सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सम्मान गर्ने मामिलामा पनि उनीहरूको दोहोरो चरित्र उजागर भएको छ।

फ्रेडरिख मेर्जले पछिल्लोपल्ट 'यो हाम्रा साझेदारलाई लेक्चर दिने समय होइन' भने। भोन देय लायनले 'अझ यथार्थपरक' विदेशनीतिको पक्ष लिइन्। (अर्थात यहाँ अन्तर्राष्ट्रिय कानुन जस्ता खोल ओढ्न छोड्नुपर्ने विचारलाई नै गुप्त भाषामा 'अझ यथार्थपरक' भनिएको हो।) यस्ता भनाइहरूबारे विचार गर्दा उनीहरूले खुलेआम सहजता, कमजोरी र पाखण्डको चक्करमा मानवीय मूल्यमान्यतालाई तिलाञ्जली दिएको पुष्टि हुन्छ।

अमेरिका र इजरायलले जस्तै युरोपेली युनियनका सदस्य देशले समेत मानव अधिकार उल्लङ्घन हुँदा आँसु चुहाउने अधिकार गुमाएका छन्। दोस्रो विश्वयुद्धपछि 'नियममा आधारित' संसारका लागि रोइलो गर्ने हक गुमाएका छन्। किनभने, यस्तो संसारको घाँटी रेट्नमा अमेरिका र इजरायलसँगै युरोपेली युनियनका देशहरू पनि दोषी छन्।

*(एलेन गाबोन अमेरिकाको भर्जिनिया वेजलेयान विश्वविद्यालयका प्राध्यापक हुन्। उनले फ्रान्सको संस्कृति, राजनीति, कला र साहित्यबारे अमेरिका र युरोपलगायत विश्वका धेरै महादेशमा अध्यापन गरेका छन्। उनका रचनाहरू विश्वका धेरै प्रख्यात जर्नलमा प्रकाशित छन्। स्रोत : मिडल इस्ट आइ। सम्यक)*

# १९११ को क्रान्ति - १

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

**सन् १९०० को सच्चाइ र मेलमिलापको आन्दोलनपछि**

साम्राज्यवादीहरूले चीनलाई टुक्राउन खोजेको हुनाले, पश्चिमेलीहरूले त्यस आन्दोलनलाई बक्सर विद्रोह (Boxer Uprising) को नाम दिए । सच्चाइ र मेलमिलाप आन्दोलन (Yi He Tuan Movement) १८९९ देखि १९०० सम्म देशभरि फैलियो । साम्राज्यवादविरोधी देशभक्तिपूर्ण त्यो आन्दोलन किसानहरूले देशव्यापीरूपमा विकास गरे ।

साम्राज्यवादीहरूको विरोधमा भएको जनताको त्यस सङ्घर्षमा चीनजस्तो प्राचीन देशको गुप्तरूपले सङ्गठित 'रातो लालटिन पल्टन' (Red Lantern Detachments) भनिने सङ्गठनमा युवा महिलाहरूसमेत सामेल भए । त्यस आन्दोलनले साम्राज्यवादीहरूमाथि दृढतापूर्वक गरेको प्रहारलाई निरन्तर चालु राख्यो । त्यसको प्रतिकारमा सन् १९०० मा रुस, बेलायत, जर्मनी, फ्रान्स, सरा अमेरिका, जापान, इटाली र अस्ट्रेलियासमेत गरी ८ साम्राज्यवादी देशहरू मिलेर संयुक्तरूपले चीनको विरोधमा ठुलो धावा बोले । जारकालीन रुसले उत्तर-पूर्वी चीनको तीन प्रान्त हत्यायो र ती क्षेत्रफल फ्रान्सको तीन दोब्बर थियो । बेलायतले हङकङ लिएजस्तै अन्य साम्राज्यवादी देशहरूले मकाउ, ताइवान आदि टापु र खाडीहरू हात पारे । व्यापारको निम्ति तिनीहरूले ८२ वटा समुद्री किनारका बन्दरगाह खोल्न लगाए र १६ नगर साम्राज्यवादीहरूको संरक्षित क्षेत्रको रूपमा 'प्रदान' (Concessions) गराए ।

जनता सङ्घर्ष गरिरहँदा छिङ सरकारले साम्राज्यवादीहरूको अगाडि आत्मसमर्पण गर्‍यो । छिङ सरकारको सहयोगमा साम्राज्यवादी शक्तिले 'सच्चाइ र मेलमिलापको आन्दोलन' लाई निर्ममतापूर्वक दबायो । तर, त्यस आन्दोलनले साम्राज्यवादविरोधी सङ्घर्षमा चिनियाँ जनताको असीम उत्साह र इच्छाशक्तिलाई प्रदर्शित गरेको थियो । चीनलाई आपसमा विभाजन गर्न खोज्ने साम्राज्यवादीहरूको कुत्सित उद्देश्यमाथि त्यस आन्दोलनले निश्चय पनि बज्रमुक्का प्रहार गरेको थियो ।

सन् १८९४ को चीन-जापानको लडाइँमा छिङ सरकारको भ्रष्टाचार र अयोग्यताका कारण चीनले धेरै ठुलो क्षति व्यहोर्‍यो । यसकारण, हरेक सचेत चिनियाँ जनताले यस्तो सामन्ती राजतन्त्र रहेसम्म देशको कुनै सुखद भविष्य नहुने र त्यस्तो प्रतिक्रियावादी सरकारलाई नफालेसम्म देश नबच्ने अनुभव गर्न थाले ।

सन यात-सेन सन् १८६६ मा चीनको क्वनतुङ प्रान्तको एक गाउँमा जन्मेका थिए । उनका ठुल्दाजु होनोलुलु (Honolulu) टापुको एक चिनियाँ पुँजीपति थिए । १३ वर्षको उमेरमा सन यात सेन दाजुकहाँ गएर बसे र त्यहाँ बेलायती र अमेरिकी साम्राज्यवादीहरू चलाएका धार्मिक विद्यालयमा भर्ना भए । सन् १८८३ मा अर्थात् १७ वर्षको उमेरमा सन यात सेन चीन फर्के र क्यान्टनमा आफ्नो पढाइ चालू राखे । विद्यार्थी कालमै हवाईका जनताको अमेरिकी आक्रमणविरोधी सङ्घर्ष देखेका थिए । १८९२ मा २६ वर्षको उमेरमा उनी हङकङको एक मेडिकल कलेजबाट चिकित्साशास्त्रका स्नातक भए । उनले एक चिकित्सकको रूपमा मकाउ र क्यान्टनमा पनि सेवा गरे ।

सन् १८९४ मा २८ वर्षको उमेरमा सन यात सेनले आफ्नो ठाउँबाट छिङ सरकारको एक प्रभावशाली माथिल्ला कर्मचारी लि हुङ छाङ (Li Hung-Chang) लाई चार वाक्यको एक अपिल पठाए । त्यस अपिलमा लेखिएको थियो, "जनताको क्षमतालाई पूर्णरूपले प्रयोग गर्न देऊ, भूमिको क्षमतालाई भरपुर विकास गर्न देऊ, साधनहरूलाई सकेसम्म बढी प्रयोग गर्न देऊ, उपभोग्य सामानहरू सकेसम्म उत्पादन गर्न देऊ ।"

सन यात-सेन शाङ्घाई र थेनचिनमा गएर लि हुङ छाङको बारेमा बुझेर भेट्न चाहे । त्यहाँ ऊ विदेशीहरूको हितमा काम गर्ने र सामन्ती भूमिपतिहरूको शासनको पक्षमा देखे र उसले भेट्न पनि चाहेन । पेइचिङमा गएर सन यात सेनले छिङ सरकार पूरै विदेशको भरमा र पुरानै ढङ्गले शासन चलाएको देखे । उनको मनमा पर्‍यो, "राजनैतिक सुधार असम्भव छ । सुधारवाद एक बन्द गल्ली हो । छिङ सरकारलाई हटाउने एउटै उपाय छ - सशस्त्र सङ्घर्ष ।"

त्यस्तो निराशा र अन्योलको स्थितिमा सन् १८९४ मा होनोलुलुमा एक डाक्टरको रूपमा काम गर्ने सन यात सेन (Sun Yat Sen) ले चीनको स्वाधीनता, समृद्धि र शक्तिशाली देश बनाउन २० जना चिनियाँ स-साना व्यापारी र जग्गाधनीहरूसँग मिलेर 'चीनको पुनरुत्थान समाज' (Hsing Chung Hui) नामको एक पुँजीवादी क्रान्तिकारी पार्टी स्थापना गरे ।

अर्को वर्ष अर्थात् सन् १८९५ मा उनले 'ज्येष्ठहरूको समाज' (Kehsan Hui) सँग मिलेर क्यान्टनमा छिङ सरकारको विरोधमा एक सशस्त्र विद्रोह गर्ने उद्देश्य राखेर एक गुप्त सङ्गठन स्थापना गरे । गुप्तता भङ्ग हुँदा त्यस योजनालाई त्यागेर उनी आर्थिक र सामाजिक व्यवस्थाको अध्ययन गर्न र विदेशमा बसेका चिनियाँहरूलाई पुँजीवादी क्रान्तिको निम्ति सङ्गठन गर्नेतिर लागे । त्यसको प्रभावले देशभित्र र बाहिर त्यस्ता सङ्गठनहरू बन्दै गए । त्यस्तै सन् १९०२ मा चाङ पिङ लिङ र साथीहरूले जापानमा अध्ययन गर्ने चिनियाँ बुद्धिजीवीहरू मिलेर 'चीनको पुनरुत्थान समिति' जस्ता सङ्गठनहरू बनाए । त्यसबेला चीनमा सङ्गठनहरूको बाढी नै आयो । साङ्घाई, क्याङसु र चेक्याङजस्ता प्रान्तहरूमा पनि 'चीन शिक्षा समाज', 'पुन:स्थापना लीग' जस्ता क्रान्तिकारी गतिविधि अगाडि बढाउन गुप्त सङ्गठनहरू स्थापना हुँदै गए ।



डा. सन यात सेन

रुसले चीनको उत्तर र पूर्वको ३ प्रान्तमा आक्रमण गरेकोमा चीनभरि त्यसको विरोध भयो । यसकारण, चिनियाँ जनतामा १९०५ को रुसी क्रान्तिको समर्थनमा लोकमत तयार भयो - रुसी जार सरकारको विरोधमा ।

सन् १९०४ मा हुनान प्रान्तमा 'छिङ सरकारलाई फाल' र 'चीनलाई पुनरुत्थान गर' भन्ने नारामा चीन 'पुन:स्थापना लीग' स्थापना गरे । अर्को वर्षमा प्रान्तीय राजधानी चाङशामा विद्रोहको तयारी गर्दा गर्दै गुप्तता भङ्ग भई योजना कार्यान्वयन भएन । त्यस्तै हुपेह (Hupeh) प्रान्तमा पनि 'दैनिक अध्ययन संस्था' स्थापना भयो । संसारका अन्तर्राष्ट्रिय घटनाहरू बुझ्ने र देशमा आमूल परिवर्तनको निम्ति प्रचार गर्ने एक महत्त्वपूर्ण सङ्गठन पनि देखापर्‍यो ।

त्यस्तै चीनको विभिन्न प्रान्त र सहरहरूमा 'क्रान्तिकारी सेना', 'होसियार', 'जाग' जस्ता सरकारविरोधी युवा, बुद्धिजीवी, पुँजीवादी क्रान्तिकारी संस्थाहरू निर्माण भए । त्यसबेला विदेशी साम्राज्यवादीहरूले विशाल चीनलाई विभाजन गरी कब्जा गर्ने योजना बनाउँदै थिए । भर्खर बनेका क्रान्तिकारी संस्थाहरूले आ-आफ्नो सङ्गठनलाई फैलाउँदै लगे र प्रतिगामी सरकार र साम्राज्यवादीहरूको विरोधमा गतिविधि गर्दै गए ।

रुसमा १९०५ को जार सरकारको विरोधमा भएको क्रान्ति असफल हुँदा त्यहाँबाट चीन पसेका अराजकतावादीहरूको प्रभाव चिनियाँ युवाहरूमा पनि पर्‍यो र आतङ्कवादी दृष्टिकोण पनि देखापर्‍यो ।

सन् १९०५ मा सन यात सेन युरोपबाट जापान गई जुलाई महिनामा 'चीनको पुरुत्थान समाज', 'पुन:स्थापना लीग', 'चीन पुनर्जागरण लीग' र अरू संस्थाहरूलाई मिलाएर टोकियोमा एक 'क्रान्तिकारी लीग' (Tung Meng Hui) अगष्ट महिनामा स्थापना गरियो । त्यो नै चीनको पहिलो पुँजीवादी क्रान्तिकारी राजनैतिक पार्टी थियो । त्यसको विधान स्वीकार गरियो र सन यात सेन सभापतिसहित एक नेतृत्व समिति निर्वाचित भयो । पार्टीको राजनैतिक कार्यक्रम थियो - 'छिङ सरकारलाई धपाउनु', 'चीनलाई पुन:स्थापना गर्नु', 'एक गणतन्त्र स्थापना गर्नु' र 'भूमिको समान सीमाङ्कन गर्नु ।' 'क्रान्तिकारी लीगको मुखपत्र' र 'जनताको समाचार' बनाइयो र सन यात सेनले तीन सिद्धान्त अघि सारे - 'राष्ट्रियता, प्रजातन्त्र र जनजीविका' । त्यो नै चीनको क्रान्तिको समस्याको समाधानको निर्देशक सिद्धान्त बन्यो ।

**क्रान्तिकारी विद्रोहहरू**

क्रान्तिकारी लीग र ज्येष्ठहरूको समाजले सन् १९०६ मा पीडित प्रान्त हुनान र क्याङसी तथा ल्युयाङ, लिलिङ, चिङसी याङका १५-१६ हजार जनतालाई एक गरी सशस्त्र विद्रोह गरे । संयुक्त नेतृत्वको अभावमा विद्रोह असफल भयो, तर विद्रोह चारैतिर फैलियो । आन्हवे (Anhwei) को प्रहरी महाविद्यालयका प्रमुख ( Superitendent of Police Academy) ले त्यहाँको अञ्चलाधीशलाई हत्या गरे तथा हातहतियारको खजाना कब्जा गरी १०० भन्दा बढी छिङ सिपाहीँहरूलाई समाप्त पारे । छिट्टै उनको सानो शक्ति पराजित भयो र उनी पनि मारिए । चिउ चिन (Chiu Chin) नामकी क्रान्तिकारी लीगकी एक प्रधानअध्यापिकाका शाओसिङ (Shaoshing) मा विद्रोह गरी नगर कब्जा गरिन् । प्रधानअध्यापिका उनकै विद्यालयमा छिङ सिपाहीँहरूबाट पक्राउ परिन् तथा अन्तमा तिनहरूले तिनीलाई हत्या गरे ।

सन् १९०७ र १९०८ मा सन यात सेनको निर्देशनमा क्वानतुङ, क्याङसी र युनान ( Yunnan) प्रान्तमा ६-७ ठाउँमा सशस्त्र विद्रोह भयो । विद्रोहीहरूले तीनवटा किल्ला कब्जा गर्दै १४ तोप र ४ सय राइफल हात पारे । ती रगताम्य सङ्घर्षहरूमा सयौँ छिङ सिपाहीहरू मारिए पनि हातहतियार र रसदपानीको अभावमा सन यात-सेन र उनका सिपाहीँहरू पछि हट्न बाध्य भए ।

**संवैधानिक सरकारको तयारी**

छिङ सरकारले जनताको असन्तोष र विद्रोहहरूलाई शान्त पार्न अनेक 'सुधार' र 'संवैधानिक सरकार' को तयारी गर्दै थियो । सन् १९०८ मा ९ वर्षदेखिको 'संविधान' को रूपरेखा घोषणा गरियो र एक मन्त्रिमण्डल अगाडि सारियो । मन्त्रीहरू राजदरबारकै मानिसहरूले भरिएको थियो र त्यस्तो काम नलाग्ने संविधान र मन्त्रिमण्डलको विरोधमा क्रान्तिकारी जनताको असन्तोष झन्झन् बढ्दै गयो ।

**सुधारवादी र क्रान्तिकारीहरूबिच सङ्घर्ष**

चीनमा पुँजीवादी व्यवस्था स्थापना गर्ने उद्देश्य राखेको विश्व बुलेटिन भन्ने दैनिक प्रकाशित गर्ने काङ यु-वई (Kang Yu–Wei) जस्ता केही व्यक्ति सन् १८९८ को सुधार आन्दोलन असफल भएपछि पनि संवैधानिक राजतन्त्र स्थापना गर्ने विचार राख्नेहरू क्रान्तिकारी बाटो अस्वीकार गर्दै सुधारको बाटोमा लाग्दै गए । तिनीहरूले देशभित्र केही प्रान्त र विदेशमा पनि सङ्गठन बनाउँदै ती प्रतिगामी विचारहरू प्रचार गर्दै गए ।

सन यात सेनको क्रान्तिकारी लीगले संवैधानिक राजतन्त्रलाई सामन्ती निरङ्कुशतन्त्रको निरन्तरता हो भन्दै संवैधानिक राजतन्त्रलाई दृढतापूर्वक क्रान्तिकारी ढङ्गले विरोध गर्दै गए ।

हुनान प्रान्तमा १९०९ मा बाढी र सुख्खाले गरिब किसानहरू घाँस र भ्याकुरजस्ता कन्दमुल खाएर बाँच्दै थिए भने जमिनदारहरू, लोभी साहुमहाजन र विदेशी व्यवसायीहरू महँगोमा अन्न बेच्न सामान लुकाउँदै थिए । दुई हजार जाने अन्नलाई ९ हजार मूल्यमा बेच्न खोज्दा हुनानको प्रान्तीय राजधानी चाङशाका अञ्चलाधीशलाई जनताले मूल्य घटाउन निवेदन दिए । तर, अञ्चलाधीशले गोली चलाउने आदेश दियो र दर्जनौँ मानिसहरू मारिए र सयौँ घाइते भए । रिसाएका भोका जनताले गोदामहरूमा धावा बोले र सयौँ पसलहरू फोरे तथा अञ्चलाधीशको निवासमा आगो लगाए, राष्ट्र बैङ्क र जापानी महावाणिज्य दूतावासमा पनि आगो लगाइदिए । देशी र विदेशी संयुक्त सेनाले भोका नाङ्गा जनतालाई दबाउन थाल्यो । त्यसको परिणाम जनताको विद्रोह चर्क्यो ।




हान्कोको युद्धमोर्चामा क्रान्तिकारी सेनाहरू



उछाङ विद्रोहको भूमिगत मुख्यालय

शान्तुङ प्रान्तको लाइयाङ क्षेत्रमा ठुलो शीतलहर चल्यो र बाली सखाप भयो । गरिब जनताको दु:खमा सहयोग गर्नुभन्दा १९१० मा स्थानीय अधिकारी र कर अधिकृतहरूले किसानहरूसँग कर उठाउन थाले । कर माफ गर्ने निवेदनलाई बेवास्ता गरेको हुनाले किसान, कालीगड र स-साना व्यापारीहरू एकसाथ विरोधमा उठे तथा ६० हजार जनताको सङ्घर्षलाई सरकारले दबायो ।

त्यसैबेला सन यात सेन, हुआङ सिङ ( Huang Hsing) र अन्य साथीहरू मलायाको पेनाङमा ठुल्ठुला सशस्त्र विद्रोहको योजना बनाउँदै थिए । त्यसको निम्ति क्यान्टनमा ३० वटा गुप्त सङ्गठनहरू निर्माण गरे । सन् १९११ को वसन्तमा विद्रोह गर्न तयारी पूरा गरे ।

१७ अप्रिल १९११ मा क्यान्टनको अञ्चलाधीशको निवासमा धावा बोल्यो । त्यसको नेतृत्व हुआङ सिङले गरेका थिए । तर, केही असमझदारी र अनुभवको कमीले १० मध्ये ४ वटा सशस्त्र दल मात्र त्यसमा सहभागी हुनसक्यो । धेरै समय लगाएर बनाइएको त्यो विद्रोह असफल भयो र धेरै क्रान्तिकारीहरू मारिए । पछि क्यान्टनको हुआङहुआकाङ (Huanghuakang) भन्ने ठाउँमा ७२ जना सहिदको समाधिस्थल निर्माण गरियो ।

# शान्ति पहलसँगै द्वन्द्वको दबाब कायम



तेहरान, २५ मार्च (एएफपी)। इरानले स्ट्रेट अफ होर्मुज हुँदै 'गैर-शत्रुतापूर्ण' तेल ट्याङ्करहरूलाई आवतजावत गर्न दिने घोषणा गरेसँगै मध्यपूर्वमा कूटनीतिक पहलहरू अघि बढेको सङ्केत देखिएको छ। तर, करिब एक महिनादेखि जारी द्वन्द्व पूर्ण रूपमा रोकिएको भने छैन, जसले क्षेत्रीय अवस्था अझै जटिल नै रहेको देखाउँछ। अमेरिकी सञ्चारमाध्यमहरूले वासिङ्टनले तेहरानलाई शान्ति योजना पठाएको जनाएका छन् भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि युद्ध अन्त्यतर्फ उन्मुख रहेको भन्दै आशावाद व्यक्त गरेका छन्।

स्ट्रेट अफ होर्मुज विश्व ऊर्जा आपूर्तिको महत्त्वपूर्ण मार्ग हो, जहाँबाट विश्वको करिब पाँचौँ भाग तेल ओसारपसार हुने गर्दछ। अमेरिका र इजरायलसँगको तनावपछि इरानले उक्त मार्ग अवरुद्ध गरेको थियो, जसका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेको थियो। तर, अहिले इरानले अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठनमार्फत सन्देश जारी गर्दै 'गैर-शत्रुतापूर्ण' जहाजहरूलाई सुरक्षित मार्ग दिने जनाएको छ। यस कदमपछि कच्चा तेलको मूल्य करिब छ प्रतिशतले घटेको बताइएको छ र यसले विश्व बजारमा केही राहत ल्याएको छ।

यसअघि इरानले आफ्ना मित्र राष्ट्रहरूलाई लक्षित नगर्ने बताएको भए पनि बीमा कम्पनीहरूले जोखिम उच्च भएको भन्दै जहाज सञ्चालनमा हिचकिचाहट देखाएका कारण धेरै जहाजहरू मार्गबाट टाढा बसेका थिए। पछिल्लो निर्णयले भने आपूर्ति शृङ्खला केही सहज हुने अपेक्षा गरिएको छ।

कूटनीतिक पहलहरू अघि बढिरहेका बेला जमिनमा भने द्वन्द्व जारी नै छ। इजरायली सैन्य प्रवक्ता एफी डेफ्रिनले आफ्नो देशको युद्ध योजना अपरिवर्तित रहेको र खतरा हटाउन कारबाही जारी रहने बताएका छन्।

द्वन्द्वको प्रभाव लेबनानमा पनि गहिरिँदै गएको छ। इजरायलले इरान समर्थित हिजबुल्लाहविरुद्ध कारबाही विस्तार गर्दै दक्षिणी लेबनानको लिटानी नदीसम्मको क्षेत्र नियन्त्रणमा लिने बताएको छ। हालसम्मका आक्रमणहरूमा लेबनानमा कम्तिमा एक हजार ७२ जनाको ज्यान गएको र १० लाखभन्दा बढी मानिस विस्थापित भएको अधिकारीहरूले बताएका छन्। बेरुतका दक्षिणी उपनगरहरूमा बसोबास गर्नेहरूलाई सम्भावित आक्रमणको चेतावनी दिइएको छ।

इरानले भने खाडी क्षेत्र नजिकको बुसेहरमा इजरायलले पुनः आक्रमण गरेको आरोप लगाएको छ। उक्त क्षेत्र ऊर्जा संरचनाका दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ। तेहरानकी एक स्थानीय महिलाले टेलिफोनमार्फत दैनिक रूपमा विस्फोट र मिसाइलको आवाज सुनिनु सामान्य जस्तै भएको बताउँदै ऊर्जा पूर्वाधारमाथि आक्रमण हुने चिन्ता बढेको उल्लेख गर्नुभयो।

यसैबिच, नयाँ आणविक सम्झौताबारे कूटनीतिक पहलहरू पनि अघि बढिरहेका छन्। अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सले अज्ञात अधिकारीहरूलाई उद्धृत गर्दै वासिङ्टनले पाकिस्तानमार्फत इरानलाई १५ बुँदे प्रस्ताव पठाएको जनाएको छ। उक्त प्रस्तावमा युद्धविराम, संवर्धित युरेनियमको व्यवस्थापन, थप संवर्द्धनमा रोक तथा प्रतिबन्ध हटाउने विषय समेटिएको बताइएको छ।

इजरायलको च्यानल १२ ले एक महिनाको युद्धविराम प्रस्तावसमेत अघि सारिएको उल्लेख गरेको छ, जसअनुसार इरानले आफ्नो संवर्धित युरेनियम हस्तान्तरण गर्ने र बदलामा दीर्घकालदेखि लागू रहेका आर्थिक प्रतिबन्धहरू हटाइने सम्भावना रहेको छ। साथै, नागरिक प्रयोजनका लागि आणविक ऊर्जा विकासमा सहयोग गर्ने विषय पनि छलफलमा रहेको जनाइएको छ।

यद्यपि, कूटनीतिक गतिविधि बढ्दै गए पनि सैन्य तयारी भने यथावत् छ। द वाल स्ट्रिट जर्नलका अनुसार संयुक्त राज्य अमेरिकाले मध्यपूर्वमा थप तीन हजार सैनिक पठाउने योजना बनाएको छ, जसले सम्भावित तनाव पुनः चर्किन सक्ने सङ्केत दिएको छ।

क्षेत्रीय रूपमा पनि अस्थिरता फैलिएको छ। बहराइन, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबियाले इरानतर्फबाट सम्भावित ड्रोन तथा मिसाइल आक्रमणहरू विफल बनाएको दाबी गरेका छन्। कुवेतको मुख्य विमानस्थलमा ड्रोन प्रहारपछि आगलागी भएको खबर आएको छ, जसले सुरक्षा चिन्ता थप बढाएको छ।

यसरी, एकातर्फ इरानद्वारा जलमार्ग खुला गर्ने निर्णय र अमेरिकी शान्ति प्रस्तावले कूटनीतिक सम्भावनालाई अघि बढाएको देखिन्छ भने अर्कोतर्फ निरन्तर सैन्य गतिविधि, आक्रमण र अविश्वासका कारण मध्यपूर्वको अवस्था अझै संवेदनशील र अनिश्चित नै रहेको छ।

# तेल भण्डार थप खोल्न जापानको आग्रह

टोकियो, २५ मार्च (एएफपी)। मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व ऊर्जा सुरक्षामा बढ्दो दबाब देखिँदै जाँदा जापानले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) लाई आवश्यक परे थप तेल भण्डार बजारमा ल्याउन तयार रहन आग्रह गरेको छ। यसले सम्भावित आपूर्ति सङ्कटलाई समयमै नियन्त्रण गर्ने प्रयासका रूपमा हेरिएको छ।

टोकियोमा बोल्दै आइइएका प्रमुख फातेह बिरोलले पनि परिस्थितिअनुसार थप भण्डार सार्वजनिक गर्न एजेन्सी तयार रहेको सङ्केत गर्नुभयो। उहाँले हालसम्म उपलब्ध भण्डारको ठुलो हिस्सा अझै सुरक्षित रहेको उल्लेख गर्दै आवश्यक परे थप कदम चाल्न सकिने बताउनुभयो। "हाम्रो कुल भण्डारको करिब ८० प्रतिशत अझै सुरक्षित छ, अहिलेसम्म जारी गरिएको ४० करोड ब्यारेल त केवल २० प्रतिशत मात्र हो", उहाँले स्पष्ट पार्नुभयो, "आवश्यकता परे हामी अघि बढ्न तयार छौँ, तर यस्तो अवस्था नआओस् भन्ने अपेक्षा पनि छ।"

यसअघि जापानी प्रधानमन्त्री साने ताकाइचीले मध्यपूर्वको अस्थिर अवस्थालाई ध्यानमा राख्दै आइइएलाई थप 'समन्वित रिलीज' कार्यान्वयन गर्न तयार रहन आग्रह गर्नुभएको थियो। ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिम बढिरहेका बेला यस्तो कदमलाई सावधानीपूर्ण रणनीतिका रूपमा लिइएको छ।

आइइएले यसै महिनाको सुरुआतमा आफ्ना सदस्य राष्ट्रहरूसँग मिलेर करिब ४० करोड ब्यारेल तेल भण्डार बजारमा ल्याउने निर्णय गरेको थियो, जुन अहिलेसम्मकै सबैभन्दा ठुलो समन्वित रिलीज मानिएको छ। यसले मध्यपूर्वमा जारी द्वन्द्वका कारण उत्पन्न आपूर्ति दबाब कम गर्ने उद्देश्य राखेको थियो।

बिरोलले विश्वले गम्भीर ऊर्जा सुरक्षा चुनौती सामना गरिरहेको उल्लेख गर्दै आइइए आफ्नो भूमिकामा सक्रिय रहने बताउनुभयो। उहाँका अनुसार अन्तर्राष्ट्रिय ऊर्जा बजारमा स्थिरता कायम राख्न एजेन्सीले आवश्यक समन्वय गर्न तयार छ।

जापानका लागि ऊर्जा सुरक्षाको विषय अझ संवेदनशील छ, किनकि यो मुलुक आफ्नो करिब ९५ प्रतिशत तेल आयातका लागि मध्यपूर्वमा निर्भर छ। यसकारण, टोकियोले आन्तरिक रूपमा पनि आपत्कालीन तयारी तीव्र बनाएको छ।

जापान सरकारले गत साता निजी क्षेत्रको १५ दिन बराबरको पेट्रोलियम भण्डार बजारमा ल्याउन सुरु गरेको छ भने बिहीबारदेखि सरकारी भण्डारसमेत प्रयोगमा ल्याउने तयारी गरिएको छ। यसका साथै महिनाको अन्त्यसम्ममा जापानमा उत्पादक राष्ट्रहरूले राखेका संयुक्त भण्डारबाट पनि तेल निकाल्ने योजना रहेको प्रधानमन्त्री ताकाइचीले जानकारी दिनुभयो।

जापान पेट्रोलियम एसोसिएसनका अनुसार साउदी अरब, संयुक्त अरब इमिरेट्स र कुवेतले जापानमा संयुक्त भण्डार राखेका छन्। सामान्य अवस्थामा यी भण्डारहरू व्यावसायिक रूपमा प्रयोग गरिने भए पनि आपत्कालीन परिस्थितिमा जापानी कम्पनीहरूले प्राथमिकताका आधारमा खरिद गर्न पाउने व्यवस्था रहेको छ।

# इजरायली आक्रमणका कारण लेबनानबाट सिरियामा लाखौँ मानिसहरू स्थानान्तरण : आइओएम

जेनेभा, २५ मार्च (क्यूएनए)। तिव्र इजरायली आक्रमणका कारण एक लाख ३० हजारभन्दा बढी मानिसहरू लेबनानबाट सिरियामा स्थानान्तरण गरेको आप्रवासनका लागि संयुक्त राष्ट्रसङ्घीय सङ्गठन (आइओएम) ले जनाएको छ। सङ्गठनका अनुसार देशमा बढ्दो इजरायली आक्रमणको बिचमा मार्चदेखि दस लाखभन्दा बढी मानिसहरू लेबनान भित्रै विस्थापित भएका छन्। आइओएमका महानिर्देशक एमी पोपले निरन्तरको आक्रमणले कमजोर समुदायहरूमा धेरै दबाब दिइरहेको र मानवीय सङ्कठहरू बढाइरहेको उल्लेख गर्नुभएको छ। उहाँले वर्तमान अवस्थाले आप्रवासनलाई उल्लेख्य असर गरेको बताउँदै दबाब बढ्दै जाँदा मानवीय सङ्कट गहिरिँदै गएको चेतावनी दिएको छ।

आप्रवासी र आन्तरिक रूपमा विस्थापित लगायत नागरिकहरूको सुरक्षा गर्न र अन्तर्राष्ट्रिय मानवीय कानुनको पूर्ण सम्मान गर्न जोड दिँदै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संयमताका साथ तत्काल समस्याको समाधान गर्न आह्वान गर्नुभएको छ।


## श्री दत्तात्रय आधारभूत विद्यालय

तचपाल, भक्तपुर-९, फोन नं. ०१-६६१३१०२

## शिक्षक आवश्यकतासम्बन्धी सूचना

उल्लेखित विषयमा यस विद्यालयमा रिक्त रहेको देहायका नि.मा.वि. तृतीय श्रेणी राहत विज्ञान विषय शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले शिक्षक सेवा आयोगमा सूचिकृत भएका व्यक्तिहरूको लागि ७ दिन (मिति २०८२/१२/१८ गते) भित्र र अन्य इच्छुक नेपाली नागरिकहरूको हकमा १५ दिन (मिति २०८२/१२/२६ गते) भित्र रितपूर्वक निवेदन आह्वान गरिन्छ।

| पद | तह / श्रेणी | विषय | सङ्ख्या | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|
| शिक्षक | नि.मा.वि. राहत | विज्ञान | १ (एक) | प्रवीणता प्रमाणपत्र तह, +२ वा सो सरह उत्तीर्ण | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको। |

**आवश्यक कागजपत्र**

(१) हस्तलिखित निवेदन
(२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१
(३) शैक्षिक योग्यताको प्रतिलिपि-१
(४) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-१

**निवेदन दस्तुर** : रू.१,०००।- (अक्षरेपी एक हजार रूपैयाँ)
**तलब सुविधा** : नेपाल सरकारको नियमानुसार।
**सम्पर्क मिति** : २०८२/१२/२७ गते, शुक्रबार
**स्थान** : विद्यालय भवन
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ।
**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता (आवश्यक परेमा प्रयोगात्मक परीक्षासमेत)
**पुनश्च** : मुख्य विषय विज्ञान र माथिल्लो योग्यता भएका एवं कम्प्युटरसम्बन्धी ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ।


# एसियाली अर्थतन्त्रको तीव्र विस्तार, विश्वमा प्रभाव बढ्दो : प्रतिवेदन

बोआओ (चीन), २५ मार्च (सिन्ह्वा)। एसिया अझै पनि विश्व आर्थिक वृद्धिको प्रमुख चालकका रूपमा कायम रहेको एक नयाँ प्रतिवेदनले देखाएको छ। मङ्गलबार सार्वजनिक गरिएको प्रतिवेदनअनुसार विश्व कुल गार्हस्थ उत्पादनमा एसियाको हिस्सा निरन्तर बढिरहेको छ।

'एसियाली आर्थिक दृष्टिकोण तथा एकीकरण प्रगति वार्षिक प्रतिवेदन २०२६' अनुसार सन् २०२६ मा एसियाली अर्थतन्त्र ४.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। विश्व अर्थतन्त्रमा एसियाको हिस्सा २०२५ को ४९.२ प्रतिशतबाट बढेर ४९.७ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ।

संस्थाका महासचिव झाङ जुनले 'एसियाली शताब्दी' सुरु भइसकेको धारणा बलियो बन्दै गएको बताएका छन्। उहाँले चुनौतीहरू भए पनि एसियाली अर्थतन्त्र लचिलो र सकारात्मक दिशामा रहेको उल्लेख गर्नुभयो।

सन् २००१ मा स्थापना भएको उक्त संस्था एक गैर-सरकारी, गैर-नाफामुखी अन्तर्राष्ट्रिय संस्था हो, जसले क्षेत्रीय आर्थिक एकीकरणलाई प्रोत्साहन गर्छ। यस वर्षको सम्मेलन मार्च २४ देखि २७ सम्म हैनानमा 'साझा भविष्य निर्माण: नयाँ गतिशीलता, नयाँ अवसर, नयाँ सहकार्य' नारासहित आयोजना भइरहेको छ।

प्रतिवेदनअनुसार एसिया विदेशी लगानीका लागि अझै पनि प्रमुख गन्तव्य बनेको छ, जहाँ चीन र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको समूह सबैभन्दा आकर्षक केन्द्रका रूपमा देखिएका छन्।

प्रविधि क्षेत्रमा पनि एसिया तीव्र रूपमा अगाडि बढिरहेको छ। कृत्रिम बुद्धिमत्ता विकासको केन्द्र क्रमशः युरोप र अमेरिकाबाट एसियातर्फ सर्दै गएको उल्लेख गरिएको छ। ठुलो डिजिटल जनसङ्ख्या, विविध प्रयोग प्रणाली र स्पष्ट नीतिका कारण एसियाली देशहरू यस क्षेत्रमा अग्रणी बन्दै गएका छन्।

साथै, दिगो विकासतर्फ एसिया महत्त्वपूर्ण शक्तिका रूपमा उदाउँदै गएको छ। परम्परागत ऊर्जाको ठुलो उपभोक्ता रहँदै आएको एसिया अहिले स्वच्छ तथा हरित ऊर्जाको विकासमा अग्रणी बन्दै गएको प्रतिवेदनले जनाएको छ।

क्षेत्रीय व्यापारमा पनि सुधार देखिएको छ। एसियाभित्रकै व्यापार निर्भरता २०२३ मा ५६.३ प्रतिशतबाट बढेर २०२४ मा ५७.२ प्रतिशत पुगेको छ, जसले क्षेत्रीय आर्थिक एकीकरण बलियो बन्दै गएको सङ्केत गर्छ।

विशेषज्ञहरूका अनुसार एसिया विश्व सेवा व्यापारको मुख्य चालक बन्ने दिशामा अघि बढिरहेको छ। डिजिटल पूर्वाधारमा लगानी, ठुलो बजारको माग र क्षेत्रीय सहकार्यले यो परिवर्तनलाई गति दिएको हो।


**सक्कल सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०६/१५ का दिन भक्तपुरको ठीमीदेखि जगाती जाने क्रममा मेरो १२ कक्षाको सक्कल सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

**नाम** : आशिष तामाङ
**रजिस्ट्रेसन नं.** : ७८३२७२९८००२७
**सिम्बोल नं.** : २७७०८६९२
**सम्पर्क नं.** : ९८६२३६६८९६

# देशको स्वाभिमान बन्धक राख्नु हुँदैन

✍ सिम्रिक

हामीले देशको स्वाभिमान बन्धक राख्नु हुँदैन । बरु, गरिबी सहिन्छ, अभाव भोगिन्छ र पसिना बगाइन्छ । हिजो देशको स्वाभिमान रक्षा गर्न भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवर, वंशराज पाण्डेजस्ता वीर योद्धाहरू अङ्ग्रेज साम्राज्यवादसँग लडे । छिमेकी भारतलाई खाइसकेको बाघ बेलायतले नेपाल पनि खान वा हमला गर्न आउने सुइँको भीमसेन थापाले पाए । उनले बेलायतका त्यसबेलाका शत्रु देश फ्रान्ससँग सैनिक सम्झौता गरेर नेपाली सैनिकलाई तालिम दिएर आधुनिक र सशक्त बनाए । त्यस्तै भारतका राजाहरूलाई पनि अङ्ग्रेजविरुद्ध दक्षिणबाट लड्न चिठी पठाए । तर ग्वालियरका राजाले विश्वासघात गरे । उनले अङ्ग्रेजको जस लिन, उनीहरूको आक्रमणबाट बच्न विश्वासघात, दलाली गरेर भीमसेन थापाले पठाएको चिठी अङ्ग्रेजको हातमा पु¥याए । पछि अङ्ग्रेजले उनलाई पनि बाँकी राखेन ।

त्यसपछि अङ्ग्रेजले भीमसेन थापालाई खतरनाक शत्रु भएको थाहा पाए । हाल अमेरिकी साम्राज्यवादले इरानका केही देशभक्त महत्त्वपूर्ण नेताहरू, उच्च अधिकृतको टाउको ल्याउने वा सूत्र दिने अपराधीलाई करोडौँ डलर पुरस्कारको लोभ देखाएजस्तै भीमसेन थापा मारेको, प्रमाणित गर्न उनको टाउको ल्याउन उर्दी जारी गऱ्यो । त्यसबेलाका देशघाती, विश्वासघातीमार्फत अङ्ग्रेजले उनको टाउको बेलायत लगेको सुनिन्छ । इतिहास हार्नेको होइन जित्नेको हुन्छ । त्यो यथार्थ इतिहासलाई विदेशी र देशघातीहरूले बङ्ग्याएर भीमसेन थापाले खोरमै बन्दी अवस्थामा आत्महत्या गरेको भनी नेपालको इतिहासमा पढाइँदै आएको छ । उनी त्यस्तो आत्मसमर्पण वा आत्महत्या गर्ने खालको योद्धा होइन भनेर देशभक्त इतिहासकार, विश्लेषकहरू बताउँछन् । देशको स्वाभिमान रक्षा गर्न आक्रमण र हस्तक्षेपकारी विदेशीको अगाडि रतिभर नझुकिकन वीरतापूर्वक लडेर बलिदान दिने वीरहरू थुप्रै रहेको इतिहास सुन्न पढ्न पाइन्छ ।

हिजोका र अब बन्ने सरकारका शासकहरूले त्यसलाई बिर्सनु हुँदैन । हिजोका शासकहरूले त्यो इतिहास र भावनालाई बिर्सँदा आज त्यसको फल भोग्दै छन् । एमसीसी पास गरेपछि अमेरिकी सेना विभिन्न बहानामा नेपाल आउने र परेड खेल्ने झन् बढ्दो छ । शिवरात्रि र सैनिक दिवसको अवसर पारेर सैनिक मञ्चमा अमेरिकी सेनाले परेड खेलेको सञ्चारमाध्यममा व्यापक भयो । अमेरिकी जनरल साप्राक नेपाल आएर गुप्त मन्त्रणा गरी फर्केको महिना दिन नपुग्दै केही दिनअगाडि अमेरिकी प्यासेफिक डेपुटी कमान्डिङ जनरल जोयल भोवेल काठमाडौँ आएर सैनिक तालिम केन्द्रहरू निरीक्षण गरेर फर्केको खबर आयो ।

वि.सं. २०७७ सालमा अमेरिकी साम्राज्यवादले नेपाली शासक दल र नेताहरूलाई धम्की दिएर देशघाती एमसीसी पास गराएको थियो । सम्पूर्ण नेपाली जनताको देशभरबाट विरोध हुँदाहुँदै राति एसिया प्यासेफिक कमान्ड हेर्ने अमेरिकी उपसहायक मन्त्री डोनाल्ड लु, एमसीएका उपाध्यक्ष फारिमा सुभारलगायतका अमेरिकी उच्च अधिकृत, मन्त्रीले शासक दल र त्यसका नेताहरूलाई फोनबाट धम्की दिएको समाचार बाहिर आएको थियो । त्यसबेला संसदमा स्वाधीन र सार्वभौम देशका प्रधानमन्त्री, मन्त्री, नेताहरूलाई एमसीसी पास गराउन किन धम्की दिएको ? यहाँ अमेरिकी झन्डा फहराउने नै भयो भनेर नेपाल मजदुर किसान पार्टीका सांसद् प्रेम सुवालले बाहेक कसैले खबरदारी गरेर विरोध गर्ने आँट गर्न सकेनन् । हालको घण्टी पार्टीका नेता अबको सरकारमा अर्थमन्त्री चर्चामा रहेका स्वर्णिम वाग्लेले एमसीसी पास भएकोमा गर्व गरेका थिए । उनले यसलाई अगाडि बढाउन मैले नै पहल गरेको भनेर सञ्चारलाई बताएका थिए । उनले नेपाललाई ५१ करोड डलर (५५ अर्ब) को गाँठ सिट्टैमा आउने भनेको चानचुने कुरा होइन भनेका थिए ।

एमसीसीले कोरेको बाटोबाट विभिन्न बहानामा अमेरिकाका जनरलहरू, सैनिकहरू, सीआइएका मान्छेहरू नेपाल आएको माथि चर्चा भयो । उनीहरू नेपाल आएर नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री, शासक नेताहरू, सेनालाई मालिकले नोकरलाई अ¥हाएजस्तो धम्की दिएको माथि उल्लेख भयो । अब फेरि फेरि भइहाले पनि कुनै नौलो हुनेछैन । सिट्टैमा बिनास्वार्थ कसैले पनि सहयोग दिँदैनन् । यो पशुलाई घाँटीमा बाँध्ने डाम्लो, नाकमा लगाउने नत्थीसरह हुनेछ ।

भदौ २३ र २४ गते शासक दल र त्यसका नेताहरूको भ्रष्टाचार र सुशासनको नाममा युवा पुस्ताको आक्रोश सतहमा आयो । यसैको मौका छोपेर घुसपैठ गराएर देशको सम्पत्ति सिंहदरबार, संसद्, सर्वोच्च अदालत, देशभरका प्रहरी कार्यालय, चौकी, पालिका भवनहरू जलाएर ध्वस्त पारिए । देशको कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा निकाय कब्जाजस्तै भएको थियो । देशको माना या तलब सुविधा खाने सुरक्षाकर्मी कर्मचारीहरूको युनियन भए पनि केही गर्न सकिएन । त्यस्तै लाखौँको सङ्गठन, सक्रिय नेता, कार्यकर्ता भएको भनिएका शासक दलले पनि केही गर्न सकेनन् । काङ्ग्रेसको साथ पाएको झण्डै दुईतिहाइको ओलीको बलियो सरकार दुई दिनमै तासको घरजसै ढल्यो । यो विध्वंस, उपद्रोको पछाडि अमेरिका र भारतको हात रहेको तथ्य बिस्तारै खुल्दै छ । ओलीको सरकारलाई सेनाको बलले अपदस्थ गरेर उनीहरूका नेता, कार्यकर्ता, कर्मचारी अर्थात् एनजीओ, आइएनजीओको प्रभावमा परेका पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन भयो । यो भदौ २३ र २४ गतेको उपद्रो गराउन र सत्ता कब्जा गर्न अमेरिका र भारतले एल्गोरिडमको हतियार प्रयोग गरेको समाचार बाहिर आयो । यसले सम्बन्धित देशका युवा, विद्यार्थीहरूलाई दिग्भ्रमित पार्ने, उक्साउने, उत्तेजनामा ल्याउने काम गर्छ । प्रजातन्त्र, आन्दोलन र विद्रोहको बहानामा देशभक्त नेताको हत्या गराइन्छ र आफ्नो कठपुतली सरकार गठन गरिन्छ । बहुमूल्य प्राकृतिक स्रोत कब्जा गरिन्छ । उनीहरूले भनेजस्तो नमाने देश र सरकारमाथि हस्तक्षेप र आक्रमण गरिन्छ । बङ्गलादेश, श्रीलङ्का, सिरिया, नेपाल, युक्रेन, इराक, लिबिया, भेनेजुयला, चिल्ली, पनामा आदि यसका उदाहरण हुन् । तर, देशभक्त इरानी नेता, सरकार र जनता भने एकढिक्का भएर अमेरिकी कुचाललाई असफल पारिदिएका छन् ।

चैत १३ गते घण्टी पार्टीका नेता बालेन शाहको नेतृत्वमा झण्डै दुईतिहाइ बहुमतको सरकार बन्ने पक्कापक्की भयो । जल, जमिन, जङ्गल, आकाश, सत्ता हात पार्ने यस्ता थुप्रै इतिहास छ । भारतले महाकाली नदी कर्णाली, कोसी, गण्डकी, कब्जा गरिसकेको छ । अब बन्ने बालेनको सरकारले अमेरिकाले नेपाली जेलेन्स्की जन्माएर देशलाई युक्रेन बनाउने हो वा भारतले लेण्डुप डोर्जे जन्माएर देशलाई सिक्किम बनाउने हो वा वीर योद्धाहरूको भावनाबमोजिम देशभक्त भई देशलाई स्वाधीन र आत्मनिर्भर बनाउने हो ? त्यसको लागि भने समय कुर्नुपर्ने हुन्छ । अतः नेपाली जनता सचेत हुनु आवश्यक छ ।

# चौध वर्षमुनिका २७ जनामा क्षयरोग




चितवन, ११ चैतः चालु आर्थिक वर्षमा जिल्लामा ६२३ जना क्षयरोगबाट पीडित भएका पाइएको छ । नियमित परीक्षणका क्रममा जिल्लामा पहिचान भएका क्षयरोगीमध्ये २७ जना १४ वर्षमुनिका बालबालिका छन् । तीमध्ये चार जना चार वर्षमुनिका छन् ।

जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीका अनुसार साउनयता पाँच हजार ३८२ जनाको परीक्षण गरिएकामा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो । जसमध्ये २८७ जनामा नसर्ने र ३३६ जना सर्ने खालको क्षयरोग भएको भेटिएको छ । सङ्क्रमितमध्ये सात जनालाई औषधिले काम नगर्ने खालको क्षयरोग भेटिएको छ ।

सङ्क्रमितहरूले जिल्लाका १०७ वटा औषधि वितरण गर्ने संस्थाबाट नियमित औषधि सेवन गर्दै आएका छन् । क्षयरोग प्रमाणित गर्नका लागि जिल्लामा २८ वटा 'माइक्रोस्कोप' र चारवटा 'जिन एक्स्पर्ट' गर्ने संस्था छन् । माइक्रोस्कोपबाट तीन हजार ८१ जनाको परीक्षण गरिएकामा १४३ जनामा सङ्क्रमित भेटिएको थियो । यस्तै जिन एक्स्पर्टबाट दुई हजार ३०१ जनाको परीक्षण गर्दा ३०७ जनामा क्षयरोग सङ्क्रमित देखिएको उहाँले बताउनुभयो । जिल्लामा भेटिएका सङ्क्रमितमध्ये २३५ महिला र ३८८ जना पुरुष रहेका छन् ।

गत आर्थिक वर्षमा एक हजार ८९ जनामा क्षयरोगको सङ्क्रमण भेटिएको थियो । सङ्क्रमितमध्ये २२ जनाको क्षयरोगका कारण मृत्यु भएको थियो । गत वर्ष १३ हजार १०७ जनाको परीक्षण गरिएको थियो । यो रोग माइक्रोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुने रोग हो । रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने गर्छ, कमजोरी महसुस हुन थाल्छ ।

मानिसहरूले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्, जसकारण विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमण भई गम्भीर समस्या निम्त्याउने उहाँले बताउनुभयो । रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो । सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन् । तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी आइरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्छ ।

यो रोग लागेमा सूर्ति मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छाड्ने गर्नुपर्छ । अधिक मदिरा, लागुपदार्थ वा औषधि सेवन गर्न नहुने उहाँले जानकारी दिनुभयो । स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना) सम्म निःशुल्क प्राप्त हुने औषधि सेवन गर्ने, औषधि सेवन गर्न सुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार समय-समयमा परीक्षण गर्न उहाँ सुझाउनुहुन्छ । *रासस*

## श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.

सूर्यविनायक-६, भक्तपुर, फोन नं.०१-६६१५१९९

## ऋणी सदस्यहरूलाई धितो लिलामसम्बन्धी ३५ दिने जरुरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं राष्ट्रिय 'दैनिक' पत्रिकामा सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले यस सहकारीको नाममा धितो बन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा धितो लिलाम बिक्री गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । सो सम्पत्ति खरिद गर्न इच्छुक फर्म, सङ्घ संस्था, कम्पनी वा व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराएको फारम भरी सिलबन्दी बोलपत्र सोही कार्यालयमा पेस गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ऋणीको विवरण | जग्गाको विवरण | ऋणीको विवरण | जग्गाको विवरण |
|---|---|---|---|
| १. **नाम** : ईश्वरी लामा<br>**ना.प्र.नं.** १४२००९<br>**बुबाको नाम** : भोजकुमार लामा<br>**पतिको नाम** : दिनेश लामा<br>**ससुराको नाम** : दान नुर्बु लामा<br>**ठेगाना** : भ.पु.जि वडा नं. १० | ईश्वरी लामाको नाममा कायम भएको मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता रहेको मङ्गलटार ५ नं. वडास्थित कित्ता नं. ११८१ को १९०७.७० वर्ग मि.को जग्गा | २. **नाम** : सुष्मीता कार्की<br>**ना.प्र.नं.** २१-०१-७०-४१४९३<br>**बुबा** : उत्तमबहादुर कार्की<br>**बाजे** : दलबहादुर कार्की<br>**ठेगाना** : रामेछाप जिल्ला, तिलपुङ गाविस वडा नं. २ हाल भक्तपुर जिल्ला चानपा वडा नं. ५ | सुष्मीता कार्कीको नाममा कायम भएको मालपोत कार्यालय भक्तपुरमा दर्ता रहेको झौखेल गा.वि.स. २ (ख) नं. वडास्थित कित्ता नं. २४१ को १५८.९५ वर्ग मि.को जग्गा |

| ऋणीको विवरण | जग्गाको विवरण | जमानीको विवरण |
|---|---|---|
| ३. **नाम** : दीपेन्द्रराज श्रेष्ठ<br>**बाबुको नाम** : कृष्णलाल श्रेष्ठ<br>**बाजेको नाम** : शंकरलाल श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, नपा वडा नं.८, सिनेमा रोड | उजरी लता सिंहको नाममा कायम भएको मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता रहेको नासिकास्थान साँगा ६ नं. वडास्थित कित्ता नं. २५८८ को ९.९४ वर्ग मि., कित्ता नं. २५६७ को ५९.६२ वर्ग मि., कित्ता नं. २५७९ को ५५.६४ वर्ग मि., कित्ता नं. २५६९ को ३३.७८ वर्ग मि. क्षेत्रफल रहेका जग्गाहरू | **नाम** : उजरी लता सिंह<br>**बुबा** : मङ्गलकृष्ण सिंह<br>**पति** : दीपेन्द्रराज श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, नपा वडा नं.८ |

**सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान**
**मिति** : २०८३/०१/१७
**समय** : बिहान ११:०० बजे
**स्थान** : सूर्यविनायक-६, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२०३७/०३/०८

निधन
२०८२/१२/०१

**पुण्यराम कवां**

यस झीगु पुचःका सदस्य **पुण्यराम कवां**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**झीगु पुचःका साथीहरू**

राजाराम सितिखु, हरिकृष्ण सिन्ताकल, रमेश शिल्पकार
कृष्णमोहन सिजख्व, श्यामकृष्ण ह्योङ्गो, विकास बोहजु
कृष्णप्रसाद बोहजु, राकेश प्रजापति, सुन्दर न्हुछे

# चेकको व्यवस्था नै हटाउने सोच्दै छौँ : राष्ट्र बैङ्क

काठमाडौँ, ११ चैत (सेतोपाटी) । विनिमय अधिकारपत्र ऐन र नेपाल राष्ट्र बैङ्क ऐनले चेकलाई माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्कउपर खिचिएको विनिमयपत्र भनेर व्याख्या गरेको छ ।

तर, नेपालमा केही वर्षदेखि भने चेकको दुरूपयोग बढेको र यसलाई जमानतको साधनको लागि प्रयोग गर्न थालिएकोमा राष्ट्र बैङ्कलाई चिन्तित बनाएको छ ।

राष्ट्र बैङ्कका एक कार्यकारी निर्देशकले भन्नुभयो, "विनिमय पत्रको रूपमा मात्रै यसको प्रयोग गर्नुपर्छ भन्ने हो । तर, यो जमानतको लागि प्रयोग हुन थाल्यो, पछिल्लो समय ठुला साना सबै कारोबार डिजिटल प्रणालीबाट हुन थालेको र कारोबार बढ्दै गएकोले चेक जारी गर्ने व्यवस्था नै हटाउनुपर्छ कि भन्ने सोच बनाएका छौँ ।"

खातामा पैसा नभए पनि केही महिनापछिको मिति राखेर चेक जारी गरिदिने चलन बढेपछि यसले बैङ्किङ कसुरमा पर्नेको सङ्ख्या मात्रै बढेको छैन, यसको व्यवस्थापनमा पनि समस्या भइरहेको उहाँ बताउनुहुन्छ ।

"त्यसैले खातामा पर्याप्त रकम नभएको कारण चेक नसाटिएर अनादर भएकोले कालो सूचीमा पर्नेहरू र ऋण नतिरेकोले कालोसूचीमा पर्नेको अलग-अलग सूची बनाउने व्यवस्था गर्ने भएका छौँ", ती कार्यकारी निर्देशकले भन्नुभयो ।

चेक अनादरकै कारण पछिल्लो समय कालोसूचीमा पर्नेको सङ्ख्या उच्च भइरहेको प्रतिवेदनले देखाएको छ ।

कर्जा सूचना केन्द्रको २०८१/८२ को प्रतिवेदनले कालोसूचीमा पर्नेमा ६४.९ प्रतिशत चेक अनादरको कारणले पर्ने गरेको देखाएको छ ।

सो एक वर्षमा ५३ हजार पाँच सय ७१ कालो सूचीमा पर्दा ३४ हजार सात सय ७० चेक अनादरको कारणले कालोसूचीमा परेको देखिएको थियो ।

राष्ट्र बैङ्कले वित्तीय प्रणालीप्रति विश्वास जगाउन पनि बजारमा जारी भएका वित्तीय उपकरणहरूको भुक्तानी सुनिश्चितता गराउनुपर्ने हुन्छ ।

यही कारण चेकको दुरूपयोग नहोस् भनेर यसलाई पनि बैङ्किङ कसुरमा राख्दै आएको छ ।

बैङ्किङ कसुर तथा सजाय ऐनले आफ्नो खातामा रकम नभएको जानीजानी चेक काटी दिएमा यस्तो कसुर भएको मानिने व्याख्या गरेको छ ।

बैङ्कमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी बैङ्कमा पेस भएर चेक नसाटिएमा (अनादर भएमा) चेक काट्ने व्यक्तिबाट चेकमा लेखिएको रकम र ब्याजसमेत भराउने व्यवस्था छ ।

त्यसबाहेक चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि छ ।

तर पनि जमानतको रूपमा चेक राख्न सजिलो हुने र रकम प्राप्त गर्नुपर्नेले समेत चेक प्राप्त गर्दा निर्धक्क देखिने गरेकोले यसको दुरूपयोग रोकिएको छैन ।

राष्ट्र बैङ्कले बेलाबेला सार्वजनिक सूचना नै जारी गरेर समेत सर्वसाधारणलाई सचेत गराउँदै आएको छ ।

बजारमा जमानतको लागि अन्य विकल्प भएकोले चेकलाई यस्तो माध्यम नबनाउन राष्ट्र बैङ्कले आग्रह गर्ने गरेको छ ।

# टायल-मार्बलको ठेक्काको आवरणमा १ अर्ब ३६ करोडको क्रिप्टो कारोबार

काठमाडौँ, ११ चैत (रातोपाटी) । ललितपुर महानगरपालिका-१३ स्थित एकान्तकुनामा बस्दै आएका भारतीय नागरिक प्रवेश अली चैत ६ मा पक्राउ परे । उनले क्रिप्टो करेन्सीको कारोबार गर्ने गरेको सुराक प्रहरीसँग थियो । आरोपी एकान्तकुनाबाट पक्राउ परेका हुन् ।

एकान्तकुनामा घर भाडामा लिएर बस्दै आएका अली निर्माणाधीन भवनहरूमा टायल र मार्बल लगाउने ठेक्का लिएर कामदार परिचालन गर्थे । बाहिर आफूलाई चिनाउँदा उनी टायल, मार्बलको 'ठेकेदार हुँ' भनेर चिनाउँथे । तर, पक्राउ गरेर अनुसन्धान गर्दा अली क्रिप्टो कारोबारी रहेको खुलेको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी मनोहर भट्टले बताउनुभयो ।

उनको मोबाइल हेर्दा बायनान्स अकाउन्टमार्फत क्रिप्टो कारोबार गर्ने गरेको भेटिएको छ । सन्, २०२२ देखि क्रिप्टो करेन्सीको कारोबार गर्न थालेका अलीले हालसम्म ९१ लाख ८१ हजार ५१३ यूएसडीटीको कारोबार गरेको विवरण अनुसन्धान अधिकृतहरूले फेला पारेका छन् । सो यूएसडीटीको नेपाली रकम १ अर्ब ३६ करोड ८० लाख ४५ हजार हुन्छ । अली भारतको पश्चिम बङ्गाल राज्यको मोदिनीपुर जिल्लाका स्थानीय हुन् ।

क्रिप्टो कारोबार गरेको आरोपमा उनकै समूहमा आबद्ध बाँकेको नेपालगञ्ज घर भएका ३१ वर्षीय नरेश रेउले र सर्लाहीको ईश्वरपुर घर भएर नख्खु बस्दै आएकी दिप्ती पोखरेल पनि पक्राउ परेकी छन् ।

नरेशले काठमाडौँ उपत्यका र नेपालका विभिन्न सहरमा यूएसडीटी भएका मानिसहरू खोजी गर्थे । यूएसडीटी भएकाहरूलाई उनले दिप्ती पोखरेलसँग भेट गराउँथे । दिप्तीले यूएसडीटी रकम यकिन गरेपछि अलीसँग नेपाली रकम लिएर उनीहरूले खरिद गर्ने गरेका थिए । अनुसन्धानमा संलग्न डीएसपी अनिल घिमिरे भन्नुहुन्छ, "मुख्य कारोबारी अली हुन्, अरू दुई जनाले अलीसँगै कमिसन लिएर काम गर्ने गरेको देखिन्छ ।"

सस्तो मूल्यमा अलीले यूएसडीटी रकम आफ्नो बायनान्स अकाउन्टमा ट्रान्सफर गराएर बिक्रेतालाई नेपाली रकम दिने गरेका थिए । खरिद गरेको यूएसडीटीको १ प्रतिशत कमिसन रेउले र १ प्रतिशत कमिसन पोखरेलले लिने गरेका थिए । नेपालमा किनेको यूएसडीटी अलीले विदेशमा महँगो मूल्यमा बेच्ने गरेको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् । डीएसपी अनिल घिमिरे भन्नुहुन्छ, "धेरै मूल्यमा कारोबार गरेर गरेर अलीले पैसा लिने गरेको हाम्रो अनुसन्धान निष्कर्ष छ । अरू दुई जनाले प्रवेश अलीसँग प्रतिशत लिन्थे । विश्वभर डिजिटल वालेट बायनान्स अकाउन्टमार्फत क्रिप्टो कारोबार गर्ने गरिन्छ ।"

चैत ६ मा काठमाडौँको सामाखुसीबाट प्रहरीले सुरुमा नरेश रेउलेलाई पक्राउ गरेको थियो । उनको बयानको आधारमा दिप्ती पोखरेल र भारतीय नागरिक अलीले यूएसडीटीको कारोबार गर्ने तथ्य खुलेको हो । रेउलेपछि पोखरेल र अलीलाई पक्राउ गरिएको एसपी भट्टले जानकारी दिनुभयो ।

सामाखुसीस्थित रेडहन पुलबाट पक्राउ परेकी पोखरेलको साथबाट प्रहरीले १५ लाख ३० हजार नगद पनि बरामद गरेको थियो । सो रकम उनले यूएसडीटी खरिद गर्न कारोबारीलाई दिन लैजाँदै गरेको अनुसन्धान अधिकृतहरूले आशङ्का गरेका छन् । तर, पोखरेलले सो रकमबारे केही बताएकी छैनन् ।

# इरान-अमेरिका युद्ध अन्त्यका लागि सम्भावित वार्ता: जटिलता, चुनौती र भविष्य

दुबई, ११ चैत (एपी) । इरान, अमेरिका र इजरायलबिच जारी युद्धको बिचमा कूटनीतिक पहलहरू तीव्र हुँदै गए पनि समग्र अवस्था अझै अन्योलपूर्ण र तनावग्रस्त बनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ता भइरहेको र सकारात्मक प्रगति भएको दाबी गरेपछि अन्तर्राष्ट्रिय स्तरमा आशा जागेको छ । तर, इरानले औपचारिक वार्ता भइरहेको स्वीकार नगरेपछि वास्तविक अवस्था के हो भन्नेबारे स्पष्टता आउन सकेको छैन ।



**१५ बुँदे प्रस्ताव र मध्यस्थ प्रयास**

अमेरिकी सरकारले इरानलाई १५ बुँदे प्रस्ताव पठाएको जानकारी सार्वजनिक भएको छ । उक्त प्रस्ताव पाकिस्तानमार्फत इरानसम्म पुऱ्याइएको बताइएको छ, जसले सम्भावित वार्ताको वातावरण तयार गर्न भूमिका खेलिरहेको छ । पाकिस्तानसँगै इजिप्ट र खाडी क्षेत्रका अन्य देशहरू पनि पर्दा पछाडि कूटनीतिक पहलमा संलग्न छन् । मुख्य उद्देश्य युद्धविराम कायम गर्नु र दीर्घकालीन समाधानको बाटो खोल्नु हो ।

**युद्ध अझै जटिल बन्दै**

यस्तो प्रयासका बाबजुद युद्धको अवस्था झन् जटिल बन्दै गएको छ । इरानले 'पूर्ण विजय नआउन्जेल लड्ने' अडान लिएको छ भने इजरायलले पनि आक्रमण जारी राख्ने सङ्केत दिएको छ । अमेरिकाले समेत मध्यपूर्वमा थप सैनिक पठाउने तयारी गरिरहेको छ, जसले कूटनीतिक पहलसँगै सैन्य दबाब बढाइरहेको देखिन्छ ।

**सम्भावित वार्ताका संवेदनशील मुद्दा**

सम्भावित वार्ताका मुख्य विषयहरू अत्यन्त संवेदनशील छन् । अमेरिकाले इरानको आणविक कार्यक्रम नियन्त्रणमा ल्याउने, क्षेप्यास्त्र क्षमता घटाउने र क्षेत्रीय समूहहरूलाई दिँदै आएको समर्थन रोक्नुपर्ने माग राखेको छ । तर, इरानले यी विषयहरूलाई आफ्नो राष्ट्रिय अधिकारसँग जोड्दै आएकोले सहमति जुटाउन निकै कठिन देखिएको छ ।

**हर्मुज जलडमरूमध्यको महत्त्व**

युद्धको अर्को महत्त्वपूर्ण पक्ष हर्मुज जलडमरूमध्य हो, जुन विश्वको प्रमुख तेल आपूर्ति मार्ग मानिन्छ । इरानले यस क्षेत्रमा नियन्त्रण कडा बनाउँदा अन्तर्राष्ट्रिय व्यापारमा अवरोध आएको छ र तेलको मूल्यमा तीव्र उतारचढाव देखिएको छ । यसले विश्व अर्थतन्त्रमा समेत दबाब सिर्जना गरेको छ ।

**जारी आक्रमण र मानवीय प्रभाव**

दुवै पक्षबाट आक्रमण जारी नै रहेका छन् । इरानले इजरायल तथा खाडी क्षेत्रका केही स्थानहरूमा मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ भने इजरायलले इरान र लेबनानमा हवाई आक्रमण गरिरहेको छ । यी घटनाहरूले सर्वसाधारणको ज्यान जाने र पूर्वाधारमा ठुलो क्षति हुने क्रम बढाएको छ ।

**रणनीतिक विश्लेषण**

विशेषज्ञहरूका अनुसार हालको अवस्था 'दोहोरिएको रणनीति' जस्तो देखिन्छ, जहाँ एकातर्फ वार्ताको प्रयास भइरहेको छ भने अर्कोतर्फ युद्धलाई निरन्तरता दिइएको छ । यस्तो परिस्थितिमा कुनै पनि सानो घटना वा निर्णयले द्वन्द्वलाई अझ ठुलो स्वरूप दिन सक्ने जोखिम रहेको छ ।

**शान्ति वा दीर्घकालीन द्वन्द्व ?**

इरान-अमेरिका युद्ध अहिले निर्णायक मोडमा पुगेको छ । कूटनीतिक प्रयास सफल भए शान्तिको बाटो खुल्न सक्छ तर असफल भए यो द्वन्द्व अझ व्यापक र दीर्घकालीन बन्न सक्ने सम्भावना उच्च रहेको छ ।

# अमेरिकी प्रस्ताव इरानसम्म पुगेको दाबी

इस्लामावाद, २५ मार्च (एपी) । मध्यपूर्वमा जारी युद्धबिच कूटनीतिक प्रयासले गति लिएको सङ्केत दिँदै इरानले अमेरिकाबाट १५ बुँदे युद्धविराम प्रस्ताव प्राप्त गरेको दाबी पाकिस्तानी अधिकारीहरूले गरेका छन् । यद्यपि, तेहरानले औपचारिक रूपमा यस्तो वार्तामा संलग्न नरहेको अडान दोहोऱ्याउँदै आएको छ ।

बुधबार दुई पाकिस्तानी अधिकारीले नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिँदै उक्त प्रस्ताव इरानसम्म पुगेको बताएका हुन् । उनीहरूका अनुसार प्रस्तावमा युद्ध अन्त्यतर्फ उन्मुख विभिन्न महत्त्वपूर्ण पक्षहरू समेटिएका छन्, जसले क्षेत्रीय तनाव कम गर्ने उद्देश्य राखेको देखिन्छ ।

प्रस्तावका मुख्य बुँदाहरूमा इरानमाथि लगाइएका प्रतिबन्धहरू क्रमश: हटाउने, नागरिक प्रयोजनका लागि आणविक ऊर्जा क्षेत्रमा सहयोग गर्ने तथा इरानको विवादास्पद आणविक कार्यक्रमलाई सीमित वा फिर्ता गर्ने विषय समावेश गरिएको बताइएको छ । साथै, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीमार्फत अनुगमन गर्ने व्यवस्था, मिसाइल क्षमतामा सीमा निर्धारण गर्ने तथा पर्सियन खाडीको संवेदनशील जलमार्ग स्ट्रेट अफ होर्मुज हुँदै सुरक्षित ढुवानी सुनिश्चित गर्ने विषय पनि प्रस्तावमा समेटिएको जनाइएको छ ।

***आयस्रोत...***

लाख' शीर्षकको समाचार छापियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राजस्व अनुसन्धान विभागका पूर्वमहानिर्देशक झलकराम अधिकारीलाई ७० लाख घुस लिएको आरोपमा दायर गरेको मुद्दामा विशेष अदालतले २५ लाख धरौटी बुझाएको कारण तारिखमा छाड्न आदेश दियो । सवारी चालक परीक्षा पास गरेका २७ लाख नागरिक लाइसेन्सको पखाईमा बस्नुपर्ने बाध्यताको अन्त्य अबको सरकारले गर्छ कि गर्दैन ? बजेट अभाव र स्रोत सुनिश्चितताामा भएको ढिलाइका कारण अलपत्र परेका देशभरिका साना ठुला पुलका आयोजनाहरू अब पूरा हुन्छ कि हुँदैन ? स्वास्थ्य बीमा राम्ररी सञ्चालन गरेर अस्पतालमा दिन बाँकी रकम सरकारले व्यहोर्छ कि व्यहोर्दैन ? काम सरकारले गर्दैन भने पुरानो र नयाँ सरकारबिच कसरी तुलना गर्ने ?

देशको आयस्रोत बढाउन सरकारले प्रगतिशील कर लगाउनुपर्छ; विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्नुपर्छ । भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्नुपर्छ । हाल मुद्दा खेपिरहेका नेता, पूर्वमन्त्री, पूर्वसांसद या जनप्रतिनिधिहरूको छानबिन प्रक्रिया अघि बढाई दोषी भए कारबाही र निर्दोष भए छोड्ने प्रक्रिया अघि बढाउनुपर्छ । मुद्दाको कारबाही प्रक्रियालाई वर्षौंवर्ष पुऱ्याएर आलताल गर्ने काम रोक्नुपर्छ । छानबिन आयोगले वर्तमान सरकारसमक्ष पेस गरेको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । प्रतिवेदन कार्यान्वयन गर्न सरकार अघि बढ्नुपर्छ ।

***बिस्का...***

समिति, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्काउट, अस्पतालहरूका प्रतिनिधि, ट्राफिक प्रहरी, भक्तपुर उद्योग वाणिज्य सङ्घ, पुजारी र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति थियो । उहाँहरूले बिस्का जात्राको व्यवस्थापनबारे आ-आफ्नो तर्फबाट हुने सहयोग र तयारीबारे अवगत गराउनुभयो ।

बिस्केट जात्रा सञ्चालन गर्ने विषयमा जात्रासँग सम्बन्धित सरोकारवालाबिच भएको महत्त्वपूर्ण निर्णयहरू यस प्रकार छन् :

१. यस वर्षको बिस्का जात्रा मर्यादित र भव्यताका साथ सम्पन्न गर्न जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रहरूको सरसफाइ र आवश्यक व्यवस्थापन तथा प्रचार प्रसारलगायत सरोकारवालाहरूसँग समन्वय गर्ने कार्य भक्तपुर नगरपालिकाले गर्ने ।
२. बिस्का जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको जिम्मेवारी जिल्ला प्रशासन कार्यालय, भक्तपुर, जिल्ला प्रहरी परिसर भक्तपुरलगायत सुरक्षा निकायलाई दिने ।
३. बिस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठी संस्थान शाखा कार्यालय, भक्तपुरलाई जिम्मा दिने ।
४. बिस्का जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीको लागि भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय ।
५. बिस्का जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रहरूमा रहेको तार, केबुल र फाइबर नेटका केबुलहरू व्यवस्थित गर्न गठित केबुल व्यवस्थापन समितिलाई जिम्मेवारी दिने र आवश्यक सहजीकरण नगरपालिकाले गर्ने निर्णय ।
६. बिस्का जात्रा सञ्चालन हुने मुख्य मुख्य दिनहरूमा नगर क्षेत्रमा रहेका अस्पतालहरूका एम्बुलेन्स, दमकल तथा विपद् पूर्वतयारीका सामानहरू तयारी अवस्थामा राख्न नेपाल रेडक्रस सोसाइटी, भक्तपुरले आवश्यक व्यवस्थापन गर्ने र अस्पतालको इमर्जेन्सी वार्डमा स्वास्थ्यकर्मीहरूलाई आकस्मिक सेवाको लागि तयारी अवस्थामा राख्ने नगरपालिकाले आवश्यक समन्वय गर्ने ।
७. बिस्का जात्रा अवधिभर जात्रामा अत्यधिक भीड हुने दिनहरू चैत ३०, वैशाख १ र ४ गते भीड हुने स्थानहरूमा स्वयम्सेवकहरू खटाई आवश्यक व्यवस्थापन गर्ने निर्णय ।
८. बिस्का जात्रा सञ्चालन हुने क्षेत्रहरूमा सवारी साधन व्यवस्थापन गर्न ट्राफिक कार्यालय, भक्तपुरलाई जिम्मेवारी दिने ।
९. बिस्का जात्रा अवधिभरमा पर्याप्त खानेपानी वितरणको लागि केयूकेएललाई र निर्बाध विद्युत् प्रशारणको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल विद्युत् प्राधिकरण, भक्तपुर वितरण शाखालाई जिम्मेवारी दिने ।
१०. यस वर्षको बिस्का जात्रा र नयाँ वर्षको अवसरमा २०८२ चैत २७ गते बिहान ७:०० बजे जात्रालाई व्यवस्थित रूपमा सञ्चालन गर्न भक्तपुर नगरपालिकाको आयोजनामा शुभकामना ऱ्याली गर्ने ।

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा